**एमपक्स सङ्क्रमणबाट बचौं र बचाऔं**

- विदेशबाट आउने जोकोहीमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्यरूपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरीर सुन्निने, ढाड दुख्ने, मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षणहरू हुन्,
- त्यस्ता लक्षणहरू देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकोले सङ्क्रमण हुनासाथ आइसोलेशनमा बसौं,
- घना बस्ती र शहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो बढ्ने भएकोले सचेतना बढाऊँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratеekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ ११ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 24 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४७

## चीसोमा माछाको माग बढ्दो, मलहाहरूलाई भ्याइनभ्याइ

नरेश यादव, पर्सागढी, १० माघ/

चीसो शुरू भएदेखि पर्सा जिल्लामा



माछाको माग बढेको छ। चीसो मौसममा माछाको माग बढेसँगै मूल्य पनि बढ्ने गरेको छ।

गर्मीमा भन्दा जाडोमा माछाको मूल्य बढ्ने गरेकोले माछापालक किसानहरू जाडोयाम शुरू भएपछि खुशी हुने गर्छन्। यद्यपि गर्मीको तुलनामा जाडोमा माछाको उत्पादन कम हुने गर्छ तर मूल्य भने करीब दोब्बरी हुने गरेकोले धेरैजसो किसान गर्मीमा भन्दा जाडोमा माछाको व्यापार गरेर आम्दानी गर्छन्। यसपटक पर्सामा माघ १ गतेदेखि चीसो बढेको छ। पुस महीनादेखि चीसो बढ्ने गरेकोमा यसपटक भने माघदेखि अत्यधिक चीसो शुरू भएको र माछाको माग बढेसँगै मूल्य पनि बढेको छ। गर्मीमा माछाको उत्पादन बढी हुन्छ तर मूल्य भने थोरै पाइन्छ। गर्मीमा कुखुरा तथा खसीको मासुको मूल्य बढ्ने गर्छ। अहिले बोइलर कुखुरा ज्यूँदो १९० र मासु भने ३०० सम्म बिक्री हुँदैछ। अहिले चीसोमा एक किलो तौलका रहु, ग्रास, सिल्भर, भकुरा, इजरायल माछा प्रतिकिलो रु चार सयसम्म बिक्री भइरहेका छन्। यही जातका माछाहरू भने गर्मीमा १६० देखि दुई सयसम्ममा बिक्री हुन्छन्। माछापालक किसानहरूले गर्मीमा भन्दा जाडोमा बढी माछा मार्नुको कारण पनि यही हो। अहिले मलहाहरूलाई जाडोमा भ्याइनभ्याइ भएको छ। पोखरीबाट माछा मार्न मलहाहरूले मारिएको कुल माछाको १० प्रतिशत ज्याला लिने गर्छन्। जाडोमा मलहाहरूले १० कट्ठा क्षेत्रफलभन्दा सानो पोखरीको माछा मार्न रुचि देखाउँदैनन्। सानो पोखरीबाट माछा मार्दा उचित ज्याला नपाउने हुनाले उनीहरूले रुचि नदेखाएका हुन्। अहिले १० कट्ठाभन्दा बढी क्षेत्रफलका पोखरीहरूमा मलहाहरूले माछा मार्दै आएका छन्। उनीहरूलाई अहिले माछा मार्न भ्याइनभ्याइ भएको छ। पर्सामा मलहाहरूको सङ्ख्या थोरै छ। छिमेकी बारा जिल्लाबाट मलहा बोलाएर ठेक्कामा माछा मार्न लगाइँदैछ।

माछापालनबाट आम्दानी राम्रो भएपछि पर्सा जिल्लाका किसानहरू परम्परागत अन्न उत्पादनका खेतीपाती छाडेर माछापालन व्यवसायमा लागिपरेका छन्। इन्धनको मूल्यवृद्धि, बीउबिजन, रासायनिक मल, कीटनाशक औषधिको अभाव, सिंचाइ समस्या, उत्पादित वस्तुको उचित मूल्य नपाउनेलगायत समस्याका कारण किसानहरूले अन्न उत्पादन गर्न त्यागेर अहिले माछापालनतर्फ आकर्षित हुन थालेका छन्। थरुहट क्षेत्रमा अन्न तीन बाली र बज्जियानमा दुई बाली हुने गरेको छ तर माछा भने वर्षमा चारपटक उत्पादन हुन थालेको छ। पहिले प्रत्येक चार महीनामा उत्पादन हुने माछा अहिले तीन महीनामा उत्पादन हुने गरेकोले पनि अन्य बाली गर्दै आएका किसानहरूको आकर्षण माछापालनमा बढेको हो।

कृषि ज्ञान केन्द्र, पर्साको तथ्याङ्क अनुसार पर्सा जिल्लामा ५७१.०६ हेक्टर जलाशय क्षेत्र छ र त्यसमध्ये वार्षिक ४२९.७९ क्षेत्रफलमा माछापालन गरिँदै आएको छ। यो जिल्लामा वार्षिक ३१४४.३५ मेट्रिक टन माछा उत्पादन हुने गर्छ। जिल्लामा वार्षिक प्रतिव्यक्ति तीन किलो माछा खपत हुने अनुमान गरिएको



छ। कृषि ज्ञान केन्द्रले पर्सा जिल्लामा माछापालक किसानहरूको सङ्ख्या बर्सेनि बढिरहेको बताएको छ। अहिले पर्सा जिल्ला माछामा आत्मनिर्भर हुनुका साथै बाह्य जिल्ला मकवानपुर, चितवन, कास्की र काठमाडौं तथा भारतमा समेत यहाँका माछा बिक्रीको लागि जाने गरेको छ। एक दशक अघिसम्म यो जिल्ला माछामा आत्मनिर्भर थिएन र छिमेकी जिल्ला बारा तथा छिमेकी देश भारतबाट माछा आयात हुने गर्थ्यो। अहिले पर्सा जिल्लाका माछा बजारहरूमा भारतीय माछा आकलझुकल देखिने गरेका छन्। वैवाहिक कार्यक्रमहरूमा मात्र भारतीय माछाको प्रयोग हुने गरेको छ भने त्यसबाहेक स्थानीय बजारमा अहिले भारतीय माछा देखिँदैनन्। स्थानीय माछा सहजरूपमा पाउन थालेपछि भारतीय माछामा स्थानीयहरूले रुचि देखाउन छोडेका छन्। यसैगरी, किसानहरूले माछा उत्पादनका लागि चाहिने माछाको भुरा बारा र हेटौंडाबाट ल्याउने गरेकामा अहिले जिल्लामा नै माछाको भुरा उत्पादन हुन थालेपछि यहींबाट खरीद गरी पोखरीमा माछापालन गर्दै आएका छन्। पर्सामा आधा दर्जन बढी माछाको भुरा उत्पादन गर्ने फर्म खुलिसकेको माछापालक किसान सोहेम अन्सारीले बताए।

## विश्रामपुरमा महाशिवरात्रि महायज्ञको तयारी

प्रस, परवानीपुर, १० माघ/

बारा जिल्लाको विश्रामपुर





गाउँपालिका–५ इटियाहीमा १२ वर्षपछि लाग्न गइरहेको श्रीश्री १०८ श्री महाशिवरात्रि महायज्ञको तयारी जोडसोडले भइरहेको छ।

महायज्ञ तयारी समितिका अध्यक्ष शङ्करप्रसाद यादवले १२ वर्षपछि इटियाहीमा महायज्ञ हुन गइरहेको र अहिले ८० प्रतिशत काम सम्पन्न भइसकेको बताए। उनले माघ २३ देखि फागुन १५ गतेसम्म सञ्चालन हुने महायज्ञमा विभिन्न धार्मिकस्थलहरू घुम्न जान नसक्नेहरूलाई लक्षित गरेर तयारी भइरहेको बताए। महायज्ञमा एक हजार ११ वटा शिवलिङ्ग निर्माण भइरहेको छ।

विगत ४० वर्षदेखि मूर्ति बनाउँदै आएका पर्सा जिल्ला विन्ध्यवासिनी गाउँपालिका–५ प्रसौनी टोलाका बलिराम यादवको नेतृत्वमा दुई दर्जनभन्दा बढी मूर्तिकारहरू महायज्ञमा खटेका छन्। उनीहरूले कृष्णालीला, रामलीला, महाभारतका दृश्यहरू र समुद्रमन्थनजस्ता घटनाहरूलाई मूर्तिको माध्यमबाट दर्शाउनेछन्। उनले महायज्ञमा अनुमानित एक करोड खर्च आकलन गरिएको र गापाले १५ लाख सहयोग गर्ने घोषणा गरेको तथा अन्य रकम चन्दाबाट सङ्कलन गरिने र सोबाट बचत रकम गापाको हितमा खर्च गरिने बताए। मनोरञ्जन समितिका संयोजक सुमीत यादवले महायज्ञको लागि यज्ञशाला निर्माण भएको र झुलुवालगायत सांस्कृतिक कार्यक्रमको तयारी भइरहेको तथा महायज्ञमा आउने भक्तजनहरूको लागि शौचालय निर्माण पनि भइरहेको बताए।

महायज्ञ मूल समितिका अध्यक्ष यादवले माघ २३ गते कलशयात्रा र फागुन १५ गते पूर्णाहुतिसहित महायज्ञ समापन हुने बताए।

## भूमिसम्बन्धी समस्या स्थायीरूपमा समाधान गर्ने –अहमद

प्रस, वीरगंज, १० माघ/

भूमि समस्या समाधान आयोग, पर्साको अध्यक्षको पदभार तबरेज अहमदले सम्हालेका छन्। पर्सा जिल्ला समन्वय समितिको कार्यालयमा उनले पदभार ग्रहण गरेका हुन्।




पदभार ग्रहण गर्दै अध्यक्ष अहमदले यसभन्दा पहिलाको दुई वर्षे कार्यकालमा जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने क्रममा सरकार ढलेर आयोग पनि विघटन भएको बताए। उनले आफ्नो पहिलो कार्यकालमा यदि सरकार नढलेको भए पर्सा जिल्लामा दर्ता भएका आठ हजार पाँच सय निवेदनमध्ये अधिकांशलाई जग्गाधनी प्रमाणपत्र वितरण गरिसक्ने बताए। उनले अबको तीन वर्षे कार्यकालमा पर्सामा विद्यमान भूमिसम्बन्धी समस्या स्थायीरूपमा समाधान गर्ने बताए।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, सशस्त्र प्रहरी पर्साका प्रमुख राधेश्याम धिमाल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख कुमोध ढुङ्गेल, जिल्ला समन्वय समितिका प्रमुख निरञ्जन सोनार, राष्ट्रिय अनुसन्धान पर्साका प्रमुख दिलीपकुमार सिंह, ठोरी गाउँपालिकाकी उपाध्यक्ष गोकुलीकुमारी रेग्मी, एमाले पर्साका अध्यक्ष डा विश्वम्भर शर्मालगायतको सहभागिता थियो।

सरकारले भूमिहीन दलित, भूमिहीन सुकुमबासी, अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन आयोगको गठन गरेकोमा पर्सा जिल्लाका लागि तबरेज अहमद आयोगको दोस्रोपटक अध्यक्षमा नियुक्त भएका हुन्।

## गाँजासहित नाबालक पक्राउ

सुग्रीव साह, भिस्वा, १० माघ/

भारतीय सीमावर्ती क्षेत्र सिक्टा थानाले दुईजना नेपाली नाबालकलाई



गाँजासहित पक्राउ गरेको छ।

पटेर्वासुगौली गाउँपालिका निवासी १६ वर्षीय राजकुमार यादव र रामविद्या सहनीलाई भारतीय प्रहरीले साढे पाँच किलो गाँजासहित पक्राउ गरेको छ।

सिक्टा थाना प्रभारी राज रोशनले नेपालबाट भारत भित्र्याइएको साढे पाँच किलो गाँजासहित दुई नेपाली नाबालक पक्राउ परेको बताए।

## निमित्त प्रप्रअलाई आर्थिक जिम्मेवारीबाट हटाइयो

प्रस, वीरगंज, १० माघ/

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरका स्थानीय तहमा कार्यरत निमित्त प्रमुख प्रशासकीय अधिकृतहरूको जिम्मेवारी रद्द गरेको छ।

मन्त्रालयको हिजो बसेको बैठकले यससम्बन्धी निर्णय गरेको र देशभरका १० वटा नगरपालिका र १३ वटा गाउँपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृतहरूको जिम्मेवारी रद्द गरेको हो। निप्रप्रअहरूले अहिलेसम्म गर्दै आएका कामकाजमध्ये उनीहरूले गर्ने आर्थिक तथा प्रशासनिक जिम्मेवारीबाट वञ्चित गरिएको मन्त्रालयले जनाएको छ।

सम्बन्धित नपा, गापा प्रमुखहरूको सिफारिशमा गापाका विभिन्न शाखामा कार्यरत व्यक्तिहरूलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सुम्पिने र उनीहरूले आर्थिक तथा प्रशासनिक कामकारबाई गर्दै आएका थिए।

हिजोको निर्णयबाट निप्रप्रअहरूलाई आर्थिक तथा प्रशासनिक जिम्मेवारीबाट हटाइएको हो।

२३ निप्रप्रअमध्ये मधेस प्रदेशका आठ जिल्लामा १३ जना छन् र बाँकी अन्य प्रदेशका छन्। मधेस प्रदेशका निप्रप्रअहरूमा धनुषाधाम नगरपालिका, औराही नपा, मुखियापट्टी, मुसहर्निया, सर्लाहीको धनकौल र ब्रह्मपुरी गापा, सप्तरीको कञ्चनपुर नपा, सिराहा नपा, महोत्तरीको लोहारपट्टी नपा, भङ्गाहा नपा, बाराको महागढीमाई नपा, सुवर्ण गापा, पर्साको पोखरिया नपा तथा बाँकी अन्य प्रदेशका छन्।

## भन्सार दिवसको अवसरमा वृक्षारोपण



प्रस, वीरगंज, १० माघ/

७३औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा वीरगंज भन्सार कार्यालय र ग्रीनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरले बिहीवार भन्सार क्षेत्रमा वृक्षारोपण गरेको छ।

कार्यक्रममा वीरगंज भन्सारको गेटदेखि शङ्कराचार्यद्वारसम्म विभिन्न प्रजातिका ९० थान बिरुवा रोपिएको थियो।

प्रमुख भन्सार प्रशासक दीपक लामिछाने र सामुदायिक सेवा केन्द्रका उपाध्यक्ष सञ्जय शर्माको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख भन्सार अधिकृत रामप्रसाद पाठक, राजेन्द्र ढुङ्गाना, लेखा अधिकृत हृदयनारायण साह, शिवप्रसाद गुप्ता, सर्फुद्दीन मियाँ, चन्द्र अग्रवाल, त्रिलोकचन्द दारुका, सशस्त्र प्रहरी नायब निरीक्षक नागेन्द्र यादवलगायतको सहभागिता थियो।

## विचारसार र सूक्तिहरू

**ईश्वरले जसको सर्वनाश गर्न चाहन्छन्, उसमा पहिले क्रोध दन्काइदिन्छन् ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# बालश्रमको अवस्था

**हाम्रो मुलुकमा हाल ११ लाख बालबालिका बालश्रममा रहेको सरकारी तथ्याङ्क छ । सरकारले विसं २०७९ सम्म निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्ने र २०८२ सम्म पूर्णरूपमा बालश्रम अन्त्य गर्नेगरी १० वर्षे गुरुयोजना कार्यान्वयन गर्दै आएको छ । चालू गुरुयोजना अनुसार काम हुन सकेको छैन । यसले बालबालिका झनै जोखिमपूर्ण काममा प्रयोग भइरहेका छन् । मुलुकमा बहुदलीय प्रजातन्त्रको पुनर्बहालीपश्चात् मानव अधिकारको रक्षाका लागि गैससहरूको स्थापना हुने क्रम चल्यो । त्यस क्रममा विसं २०४७ तिर त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विधार्थीहरूको समूहले 'चाइल्ड वर्क्स इन नेपाल' (सिविन)को स्थापना गरे । सडक बालबालिका र श्रमिक बालबालिकाका लागि काम गर्नु सिविनको उद्देश्य थियो । त्यसैताका बाल अधिकारसम्बन्धी महासन्धि सन् १९९० मा भयो, जसको पक्ष राष्ट्र नेपाल पनि हो । महासन्धिलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ तारिख अर्थात् २०४७ भदौ २९ गते अनुमोदन गरेको हो । बालबालिकासम्बन्धी ऐन, २०४७ हामीसँग छ । आइएलओको अग्रसरतामा सन् १९९५ देखि नेपालमा बालश्रम न्यूनीकरणको अभियान अन्तर्गत अन्तराष्ट्रियस्तरको कार्यक्रम 'आइपेक' सञ्चालन भयो ।**

**यसैगरी, विसं २०५६ सालमा बालश्रम नियमित तथा निषेध गर्ने ऐन, २०५६ को तर्जुमा भई कार्यान्वयनमा आयो । यो ऐनले १४ वर्षभन्दा मुनिका बालबालिकालाई कुनै पनि प्रकारको श्रममा लगाउन नहुने र १६ वर्षभन्दा मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन नपाउने व्यवस्था गरेको छ । सोही ऐन संशोधन विसं २०७५ मा संशोधन भई १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन नपाइने भएको छ । नेपालमा बालश्रमविरुद्ध अभियान शुरू भएको तीन दशक र कानूनीरूपमा दण्डनीय भएको समेत दुई दशक नाघिसकेको छ । नेपालको संविधान २०७२ ले बालबालिकालाई श्रममा लगाउन बन्देज गरेको छ । प्रचलित ऐनले कानूनविपरीत बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउनेलाई ५० हजारसम्म जरिवाना र तीन महीनादेखि एक वर्षसम्म कैद सजायको व्यवस्थासमेत गरेको छ । यति हुँदाहुँदै पनि मुलुकमा बालश्रमिकको कहालीलाग्दो तथ्याङ्क देखिएकै छ । सरकारी तथ्याङ्कभन्दा पनि बढी हामीले हाम्रो ठाउँ, समाजमा बालश्रमिक देखिरहेका छौं ।**

**बालश्रम न्यूनीकरण प्रभावकारी नहुनुको मुख्य कारण मुलुकमा केवल ऐन, कानून मात्रै बन्यो तर कडाइका साथ कार्यान्वयन हुन सकेको छैन । अन्य सहायक पक्ष धेरै छन् । देशमा पर्याप्त अवसर र रोजगार नभएका कारण अधिकांश नेपाली वैदेशिक रोजगारमा छन् । आमाबुबा नै वैदेशिक रोजगारमा भएपछि कतिपय बालबालिकाको हेरचाह, शिक्षा, स्वास्थ्य, पोषण जस्ता आधारभूत आवश्यकता पूरा हुन सकेका छैनन् । वैदेशिक रोजगारमा हुने बाआमा कतिपयले भने जस्तो कमाउन नसक्ने र कतिपय आमाबुबाले शुरूमा राम्रै कमाइ गरे पनि पछि खाली हात हुँदा उनीहरूका बालबालिका श्रममा जान बाध्य छन् । गरीबीका कारण छोराछोरीलाई नचाहँदा नचाहँदै पनि श्रममा पठाएको देखिन्छ । शिक्षित, सक्षम, योग्य र राज्यको मेरुदण्डका रूपमा विकसित गर्नुपर्ने बालबालिका श्रममा जान बाध्य भएपछि देश दीर्घकालीनरूपमा अधोगतिमा जाने र नागरिक अझै गरीबीको चपेटामा पर्छन् । त्यसैले बालश्रम अन्त्य गर्न राज्यका संयन्त्र तथा बाल अधिकारको क्षेत्रमा कार्यरत संस्था संवेदनशील बन्दै स्पष्ट कार्ययोजनाका साथ अघि बढ्नु जरुरी छ ।**

# नेपाली काङ्ग्रेसको दोहोरो चरित्र

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**नेकालाई देशको सबैभन्दा ठूला र पुरानो लोकतान्त्रिक दल मानिन्छ तर वामपन्थी दलहरूसँगको अत्यधिक सहकार्यका कारण अब यो पनि वामपन्थी दलकै जस्तो दोहोरो चरित्र लिएर राजनीति गर्दैछ । नेकाजस्तो दलले संसद्लाई छलेर अध्यादेश ल्याउने कार्यको समर्थन गर्नु यसैको प्रमाण हो ।**

नेपाली काङ्ग्रेस र नेकपा एमाले देशका दुई ठूला राजनीतिक दल हुन् । जनआन्दोलन–२ को सफलतापश्चात् विगत १९ वर्षमा राष्ट्रिय राजनीतिमा जति पनि महत्त्वपूर्ण सहमति, सम्झौता र महत्त्वपूर्ण निर्णय भएका छन्, त्यसमा उपरोक्त दुई दलको सहमति र समर्थन रहिआएको छ । बाह्यरूपमा सोझा जनतालाई भ्रममा पार्नका लागि दुवै दल एकअर्काको विरोधी भएको नाटक गर्छन् र भित्रीरूपमा दुवै अभिन्न छन् । उपरोक्त दुवै दल यथास्थितिवादका पक्षधर पनि रहिआएका छन् । नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले पुसको अन्तिम सातामा पार्टी केन्द्रीय समितिको बैठकमा २०८७ साल अघि संविधान संशोधन नहुने अभिव्यक्ति दिएका थिए । संविधान संशोधनलाई मुख्य एजेन्डाको रूपमा अघि सारी वर्तमान सत्ता समीकरण अस्तित्वमा आएको थियो । प्रधानमन्त्री ओलीको उपरोक्त अभिव्यक्तिको नेपाली काङ्ग्रेसले विनम्र विरोध गर्‍यो । यो औपचारिकतामा सीमित थियो । यथार्थमा त नेपाली काङ्ग्रेस र नेकपा एमाले नै संविधान संशोधनकै हिमायती रहिआएका छन् । नयाँ सत्ता समीकरणको औचित्यलाई पुष्टि गर्न संविधान संशोधनको विषयलाई चर्चामा ल्याइएको थियो । नेपाली काङ्ग्रेस यदि संविधान संशोधनप्रति इमानदार छ भने उसले ओली सरकारलाई जारी राखेको आफ्नो समर्थन फिर्ता लिन सक्नुपर्छ । तर त्यस्तो हुनेछैन । नेपाली काङ्ग्रेसको पूर्वसहमति लिएर नै प्रधानमन्त्री ओलीले यो अभिव्यक्ति दिएका हुन् ।

संविधान संशोधनको सवालमा मात्रै होइन, अध्यादेशमार्फत विधेयक ल्याउने काम पनि नेकाको सहयोग र समर्थनबाट नै सम्भव भएको हो । नेकालाई देशको सबैभन्दा ठूला र पुरानो लोकतान्त्रिक दल मानिन्छ तर वामपन्थी दलहरूसँगको अत्यधिक सहकार्यका कारण अब यो पनि वामपन्थी दलकै जस्तो दोहोरो चरित्र लिएर राजनीति गर्दैछ । नेकाजस्तो दलले संसद्लाई छलेर अध्यादेश ल्याउने कार्यको समर्थन गर्नु यसैको प्रमाण हो । संसदीय व्यवस्थाप्रति जनतामा अविश्वास बढ्नुको प्रमुख कारण स्वयम् सांसदहरू नै हुन् । देशका ठूला दलहरू नै हुन् । सभामुखको भूमिका यसमा प्रभावकारी हुन सक्छ तर सभामुखहरू पनि आफ्नो दल र दल नेतृत्वका मुखापेक्षी हुन पुग्छन् । जबकि सभामुखको भूमिका त व्यवस्थापिकाको प्रमुख अभिभावकको रूपमा हुनुपर्ने हो । दमननाथ ढुङ्गाना, तारानाथ रानाभाट र सुवासचन्द्र नेम्वाङजस्तो सभामुख चाहिन्छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले अनावश्यक कानून बनाउन संसद्को बैठक नबोलाउने तर अध्यादेश ल्याएर सरकार प्रतिगमनतिर लागेको आरोप लगाएको छ । सरकार संसद् बन्द गरेर अध्यादेश ल्याएर निरङ्कुशताको शैलीमा अघि बढ्न खोजेको आरोप लगाएको छ । मध्यरातमा बनेको सरकारले मध्यरातमैं अध्यादेश ल्याएको भन्ने आरोप राष्ट्रिय स्वतन्त्र पार्टीको पनि छ । सुशासन र सेवाप्रवाहका लागि थुप्रै कानूनमा सुधार चाहिए पनि संसद्लाई बन्दी बनाएर, जनता र प्रतिनिधिका आवाज दबाएर गरिने अधिनायकवादी 'अध्यादेश शासन' आफूहरूलाई अस्वीकार्य भएको भन्दै सरकारको कदमको आलोचना गरेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि सरकार सर्वसत्तावादतर्फ उन्मुख रहेको आरोप लगाउँदै संसद् नबोलाएर अध्यादेश ल्याउनुले सरकारको नियत स्पष्ट भएको र सरकारले बहुदलीय व्यवस्था र प्रजातन्त्रसमेत मास्न खोजेको टिप्पणी गरेको छ । नेपाली काङ्ग्रेस र नेकपा एमालेमाथि बहुदलीय व्यवस्था र प्रजातन्त्र मास्न लागेको आरोप लाग्नु दुर्भाग्यपूर्ण हो ।

सरकारले भने सरकारका कामकारबाई र सेवाप्रवाहलाई प्रभावकारी बनाउने राम्रो उद्देश्यकै लागि अध्यादेश ल्याउने निर्णय गरिएको जवाफ दिएको छ । अध्यादेश ल्याउन पाउने सरकारको संवैधानिक अधिकार हो । राष्ट्रिय विपद्, आर्थिक सङ्कटका बेला सरकारले तत्कालै कुनै कानूनी व्यवस्था गर्न आवश्यक ठाने अध्यादेश ल्याउने प्रचलन अनौठो होइन । देशको अर्थतन्त्र अहिले आइसियूमा छ, यसलाई वार्डमा ल्याउने प्रयास भइरहेको छ भनी सफाइ दिइएको छ ।

मन्त्रिपरिषद्बाट पारित तीनवटा अध्यादेशले गृह, अर्थ, शिक्षा, स्वास्थ्य, भूमिसुधार, सामान्य प्रशासनलगायत मन्त्रालयका काममा देखिएका कानूनी जटिलता फुकाउने विश्वास रहेको छ । अध्यादेशले कसूरजन्य सम्पत्ति वा कसूरमा देखिएका साधन जफतमा सहजीकरण गर्ने, फैसला कार्यान्वयन तहमा सरकारीवादी केही मुद्दामा मिलापत्रको व्यवस्था गर्ने, पीडितसँग मिलापत्र गरे दण्ड र जरिवाना माफी तथा रकम भराउने मौका दिने, निवृत्तिभरण कोषमा शिक्षकलाई समावेश गर्ने व्यवस्था गरेको छ । यस्तै, सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य लैजाने, सरकारको कामकाज सरल बनाउँदै लैजाने, कुनै कामको फाइल एक साताभित्र निर्णय गर्नुपर्ने, फाइल एक सातासम्म पनि अघि नबढे कारबाईको व्यवस्था गर्न पनि अध्यादेशमा उल्लेख छ । सेवाप्रवाहमा नागरिक एप प्रयोग गर्ने, गैरआवासीय नेपाली नागरिकताप्राप्त व्यक्ति १० वर्ष नेपाल बस्न निशुल्क भिसा पाउने, श्रमिकको अनिवार्य अवकाश उमेर हद ६० वर्ष बनाउने, मुद्दा पुनरावेदन गर्दा तोकिएको बिगो, जरिवाना, धरौटी राख्न नसक्नेले थुनामा बस्नुपर्ने व्यवस्था परिवर्तन गर्दै धरौटीको १५ प्रतिशत मात्र राख्न सक्ने, सूचना प्रविधिसम्बन्धी कम्पनीले विदेशमा लगानी गर्न सक्ने कानूनी व्यवस्था पनि अध्यादेशले गर्ने भएको छ ।

नेपाली कम्पनीले विदेशी बजारमा प्रतिस्पर्धा गर्दै स्वदेशमा आम्दानी ल्याउन पाउने र त्यस्ता कम्पनीलाई विदेशमा पनि शाखा खोल्न दिने, अनुसन्धान विभागले तीन करोड रुपैयाँसम्मको राजस्व विवाद, चुहावटबारे निर्णय गर्न सक्ने, राजस्व चुहावट मुद्दामा बिगो भराउन फैसला पर्खिनु नपर्ने, जरिवाना र बिगो तिरेको खण्डमा पनि मिलापत्र गर्न सकिनेलगायतका प्रबन्ध पनि अध्यादेशमार्फत गरिँदैछ । मोटामोटी चर्चा गर्ने हो भने सरकारी सेवा सरल बनाउन एक साताभित्र निर्णय गर्नुपर्ने, नत्र कारबाई, गैरआवासीय नेपालीलाई निशुल्क भिसा र कम्पनी खोल्न अनुमति, कम्पनी बन्द गर्दाको झन्झट हटाउँदै कर छुटको व्यवस्था, श्रमिकहरूको अनिवार्य अवकाश उमेर ५८ बाट ६० वर्ष, योगमाया आयुर्वेदिक विश्वविद्यालयको नाम परिवर्तन तथा सञ्चालन सहजीकरण सामाजिक सुरक्षा भत्तामा राष्ट्रिय परिचयपत्र क्रमशः अनिवार्य, आइटी कम्पनीले विदेशमा लगानी गर्न र आम्दानी ल्याउन पाउने, बजेटको एक महीना अघि नै बजेट तथा आयोजना प्राथमिकताको विवरण संसद्मा प्रस्तुत गर्नुपर्ने विषयलाई अध्यादेशमा समेटिएको छ ।

शेरबहादुर नेतृत्वको सरकारले संसदीय दल र केन्द्रीय समितिमध्ये कुनै एकमा २० प्रतिशत भए दल विभाजन गर्न सक्ने व्यवस्थासहितको अध्यादेश २०७८ भदौमा ल्याएको थियो । अध्यादेश ल्याएलगत्तै एमाले फुटाएर एकीकृत समाजवादी स्थापना गरिएको थियो । त्यसपछि अध्यादेश संसद्मा पेश नगरिएकाले तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७८ असोज ११ मा त्यसलाई खारेज गरेकी थिइन् । अध्यादेशले खारेज गरेको ऐनको व्यवस्थालाई संसद्बाट प्रतिस्थापन विधेयक पारित गरेर जगाउनुपर्ने थियो । तर प्रतिस्थापन विधेयक अघि नबढाइएका कारण ऐनको त्यससम्बन्धी व्यवस्था निष्क्रिय छ । ऐन निष्क्रिय रहेकै अवस्थामा नियमावलीको टेको लिएर गत वैशाखमा जसपा नेपाल विभाजन गरिएको थियो । अशोककुमार राईको नेतृत्वमा नयाँ दल जसपा गठन पनि भयो । आफ्नो दलमा भएको विभाजनबाट दुःखी उपेन्द्र यादवले समाजवादी मोर्चालाई नै बाहिष्कार गरे । ऐन निष्क्रिय रहेको अवस्थामा नियमावलीको सहारा लिएर दल विभाजन गर्नु गैरकानूनी हुने भन्दै सर्वोच्च अदालतमा रिट परेको थियो, जुन विचारणीय छ । वर्तमान सरकारले पनि यस्तै किसिमको अध्यादेश ल्याउने विषय चर्चामा छ । थ्रेसहोल्डको नयाँ प्रावधानले पनि देशलाई दुई दलीय व्यवस्थामा लग्नेछ । नेपाली काङ्ग्रेस पनि यसमा सहमत नै देखिन्छ ।

# प्रविधिले जोगाएको नेपाली अन्डाको बजार

नारायण अधिकारी
चितवन, १० माघ/रासस

कुखुरापालन व्यवसायमा लगानी बढेसँगै मासु तथा अन्डातर्फ नेपाल आत्मनिर्भर बन्दै गएको छ । कोभिड सङ्क्रमणका कारण समग्र विश्वबजार शिथिल भई अर्थतन्त्रमा परेको नकारात्मक असरको प्रभाव नेपालको 'पोल्ट्री' व्यवसायमा पनि परेको सम्बद्ध क्षेत्रका व्यवसायी बताउँछन् ।

पोल्ट्री व्यवसायी मञ्चले कोभिडका समयमा नेपाली बजारमा अन्डाको माग ह्वात्तै घटी नगन्य मात्रामा कारोबार भएपछि विस्थापित हुन पुगेका पोल्ट्री व्यवसायीलाई एकपटकका लागि राहत सहयोग उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गरेको छ ।

कोभिड महामारीका कारण लगानी डुबेका बाहेक अधिकांश कृषकले आफ्नो व्यवसायलाई समयसापेक्षरूपमा आधुनिक र प्रविधियुक्त बनाइ मुलुकको अर्थतन्त्रलाई केही हदसम्म चलायमान बनाइरहेको अवस्था छ । मञ्चका अध्यक्ष रघुनाथ भट्टका अनुसार अहिले नेपालको पोल्ट्री व्यवसायमा करीब एक खर्ब ६० अर्ब लगानी भएको र त्यसको करीब आधा अर्थात् रु ८० अर्ब अन्डा उत्पादनका क्षेत्रमा लगानी रहेको छ । नेपालमा अहिले दैनिक उत्पादित ३२ लाख अन्डाले बजारको माग धानेको मञ्चले स्पष्ट गरेको छ ।

नेपालमा कुखुरापालन क्षेत्रमा उन्नत प्रविधि नभित्रिएको भए यतिबेला यो क्षेत्र आत्मनिर्भर बन्न नसक्ने व्यवसायीहरू बताउँछन् । पछिल्ला दिनहरूमा कृषकहरू व्यावसायिक बन्दै ठूलो लगानी गरेकै कारण नेपालमा कुखुरापालन क्षेत्र आत्मनिर्भर बन्न सकेको हो ।

देशकै ठूलोमध्येको दाउन्ने एग्रो फार्मका कार्यकारी निर्देशक विनोद पोखरेलका अनुसार अन्डा उत्पादन गर्ने लेयर्स कुखुरापालक कृषकहरूले ठूलो लगानी गरेकै कारण नेपाली बजारको माग धान्न सकिएको हो । अहिले नेपालमा २० भन्दा बढी ठूला व्यावसायिक फार्मले वातावरण अनुकूलित खोरमा कुखुरा व्यवसाय गर्दै आएका छन् । ती खोरमा आवश्यकता अनुसार तापक्रम मिलाएर कुखुरा राख्ने गरिन्छ । कुखुराले पारेका अन्डा स्वचालित उपकरणबाट एकै ठाउँमा जम्मा गर्ने गरिन्छ । कम जनशक्तिमा उच्चतम प्रविधिको प्रयोग गरेर काम गर्ने गरिएको कार्यकारी निर्देशक पोखरेलले जानकारी दिए ।

अहिले नेपालमा ५० हजार कुखुरा पाल्न वातावरण अनुकूलित खोर निर्माणका लागि करीब रु छ करोड खर्च लाग्छ । ती खोरमा कुखुरा राखेर अन्डा उत्पादन हुने बेलासम्म रु १० करोड हाराहारी लागत पुग्छ । कार्यकारी पोखरेलले भने, "पछिल्लो समय लागत अनुसारको मूल्य प्राप्त हुने गरेकाले अन्डा उत्पादनतर्फ आकर्षण बढ्दो छ । यसबाट रोजगार सिर्जना हुनुका साथ विदेशबाट अन्डा आयात गर्नुपर्ने अवस्था अन्त्य भएको छ । पोल्ट्री व्यवसायबाट विस्थापित किसानलाई राहत सहयोगसहित पुनः यसै व्यवसायमा भित्र्याउने वातावरण तयार गर्न सरकारसँग अनुरोध गर्छु ।"

नवलपरासी (बर्दघाट–सुस्ता पूर्व)को सर्दीमा चार लाख कुखुरा पाल्दै आएका पोखरेल थप दुई लाख कुखुराका लागि खोर बनाउँदै छन् । उनको भनाइमा उच्च जोखिमका बावजूद नेपाली कृषक एवं व्यवसायीहरूले करोडौं लगानी गरेकै कारण यतिबेला यहाँको अन्डाको बजार धान्न सकिएको हो । स्याङ्जाको भीरकोटमा दुई लाख कुखुरा पालेको खिलुङ्कालिका एग्रो फार्मले जनकपुरमा 'जनकपुर एग्रोफार्म' स्थापना गरेर थप चार लाख कुखुरा पालिरहेको छ । नवलपरासीमा नै 'दुम्किबास पोल्ट्री फार्म'ले चार लाख हाराहारी कुखुरा पाल्दै आएको छ ।

खिलुङ्कालिका एग्रोका प्रबन्ध निर्देशक भेषराज अर्याल अन्डा उत्पादन गर्न ठूलो लगानी गरिएको बताउँछन् । लागत मूल्यभन्दा कममा अन्डा बिक्री गर्नुपर्ने अवस्था आएमा यो लगानी जोखिममा पर्ने उनको भनाइ छ । नेपाल अन्डा उत्पादक सङ्घका पूर्वअध्यक्ष त्रिलोचन कँडेल ७५ प्रतिशत अन्डा उच्च प्रविधिका वातावरण अनुकूलित खोरबाट उत्पादन हुने गरेको बताउँछन् । उनको भनाइमा कोभिड सङ्क्रमणपछि खस्किएको बजारले ७५ प्रतिशत अन्डा उत्पादक कृषक विस्थापित भएका छन् । उनले भने, "ठूला लगानी गर्ने व्यवसायी यस क्षेत्रमा नआएका भए अहिले अन्डाको बजार आत्मनिर्भर हुन सक्दैनथ्यो ।" हाल नेपालमा ३० हजारभन्दा माथि कुखुरा पाल्ने किसानको सङ्ख्या २५० हाराहारी रहेको अध्यक्ष कँडेल बताउँछन् ।

पोल्ट्री व्यवसायी मञ्चका अध्यक्ष भट्ट कोभिड सङ्क्रमणपछि एकाएक घटेको अन्डाको मूल्यले धेरै व्यवसायीलाई

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## आर्थिक विकासका लागि वर्तमान सत्ता–समीकरण आवश्यक

कुनै पनि देशमा आर्थिक विकासको गतिले तीव्रता पाउनका लागि त्यस देशमा सरकार छिटोछिटो परिवर्तन हुनुहुँदैन। छिटोछिटो सरकार परिवर्तन हुनु अस्थिरताको प्रतीक हो । त्यस्तो अस्थिरताले आर्थिक विकास सम्भव हुँदैन। आर्थिक विकास त परको कुरा, आर्थिक मन्दीको स्थिति आउन सक्छ । रोजगारको स्तरमा ठूलो कमी आउन सक्छ । व्यक्ति र परिवारको आयमा ठूलो कमी आउन सक्छ। देशमा गरीबी अभूतपूर्व किसिमले बढेर जनताको जीवन कठिन हुन पुग्छ ।


अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com


**अहिले सत्ता परिवर्तन होइन, हाम्रो मनोविज्ञान परिवर्तन गर्न आवश्यक छ। दल र तिनका नेताहरूले आफ्नो स्वार्थी प्रवृत्तिमा परिवर्तन ल्याउन आवश्यक छ। सबै दल र तिनका नेताहरूमा त्यागको भावना हुनु आवश्यक छ। नेताहरूमा त्याग–भाव जागृत हुने हो भने नेपालको आर्थिक भाग्य चम्किन लामो सयम लाग्नेछैन ।**

कुनै पनि देशको सन्दर्भमा, सरकार स्थिर नभएसम्म देशको आर्थिक विकास सम्भव हुँदैन। राष्ट्रिय आर्थिक विकासका लागि स्थिर सरकार पूर्व शर्त हो । विश्वको आर्थिक विकासको इतिहासले यही दर्शाउँछ। सरकार शीघ्र परिवर्तन भएर अस्थिरता भोगिरहेका देशहरू गरीबीको कुचक्रबाट बाहिर आउन नसकेको र त्यहाँ जनता रोजगारका लागि अर्को देश पुगेको, शरणार्थी भएको, उदाहरण थुप्रै छन् ।

अहिले, वर्तमानको, नेका (नेपाली काङ्ग्रेस) र एमाले (नेपाल कम्युनिस्ट पार्टी) को सत्ता समीकरणले देशलाई स्थिर सरकार दिएको छ । आर्थिक विकासको लागि देशभित्र स्थिरताको स्थिति निर्माण गरेको छ । नेपालको आर्थिक विकासको लागि यो सुखद स्थिति हो । यी दुई दलभित्रका केही नेताहरू स्वार्थी हुन सक्छन् । सत्ता र शक्तिमुखी हुन सक्छन्, त्यो भिन्न कुरा हो। राष्ट्रको आर्थिक विकासका लागि यी दुई ठूला दलहरू मिलेर कार्य गर्न सहमत हुनु राष्ट्रको आर्थिक विकासको लागि महत्त्वपूर्ण कुरा हो । प्रधानमन्त्री (केपी ओली) फेर्ने स्थिति हुन सक्छ। मन्त्रीहरू फेर्ने स्थिति हुन सक्छ। तर यो समीकरण फेरिनुहुन्न । यो समीकरणमा परिवर्तन आउनुहुँदैन। राष्ट्रको आर्थिक विकासको लागि यी दुई दलबीच सहकार्य अति आवश्यक छ ।

वर्तमानमा प्रम केपी ओलीको राजीनामा माग भइरहेको छ । यो सरकार खसाल्ने कुरा भइरहेको छ । केही क्षणका लागि मानौं ओलीको स्थानमा नेका वा एमालेबाट अन्य कुनै व्यक्ति प्रम हुने स्थिति हुन सक्छ । आवश्यक परेमा त्यस्तो गर्नु उपयुक्त पनि हुनेछ । तर ओलीको विकल्पमा आउने को ? को प्रम हुने ? ओलीको विकल्पमा आउने व्यक्ति के विवादरहित हुन सक्ला ? विकल्पमा देखिएकाहरू के स्वच्छ छवि भएका हुन सक्छन् ? विकल्प छनोट गर्दा जहिले पनि, भएको भन्दा आउने विकल्प असल हुनुपर्छ। तर यदि उही पुरानो वा खराब विकल्प आउने हो, अक्षम व्यक्ति आउने हो भने ओलीको विकल्प खोज्नुको के अर्थ रहन जान्छ ? फेरि पुष्पकमल दहाल नै प्रधानमन्त्री हुने भए के त्यो प्रभावकारी विकल्प हुन सक्छ ?

नेपालको आर्थिक विकासको लागि यी दुई ठूला दलहरू– नेका र एमालेले मिलेर कार्य गर्ने हो भने राष्ट्रिय आर्थिक विकासको गतिले तीव्रता पाउने राम्रो सम्भावना छ । अहिले यी दुई दलहरूले सहमति गरेर स्थिर सरकार दिन सकेका छन्। देशमा शान्ति र स्थिरताको स्थिति देखिएको छ। यो स्थितिको विकल्प खोज्नु वा यो स्थितिमा खलल पुऱ्याउनु भनेको आर्थिक विकासको गति अवरुद्ध पार्नु हो। नेका र एमालेबीच सहमतिको स्थितिमा वर्तमान ओली सरकारले निरन्तरता पाउनु र यो सरकारले नै २०८४ सालको निर्वाचन गराउनु देशको आर्थिक विकासको लागि उत्तम हुनेछ। नेपालको आर्थिक स्थितिले अब कुनै पनि किसिमको अस्थिरता (छिटोछिटो सरकार परिवर्तन) सहन गर्न सक्तैन। कुनै पनि किसिमको द्वन्द्व वा सङ्घर्ष सहन गर्न सक्तैन । नेपालको आर्थिक विकासको लागि स्थिरता आवश्यक छ। र त्यो स्थिरता नेका र एमालेको सत्ता सहकार्यले दिएको छ ।

सत्ता बाहिर रहेका दल र तिनका नेताहरूको माग अनुसार नेका र एमालेको सरकार पतन गराएर, एमालेलाई सत्ता बाहिर पठाएर, सानासाना दलहरू र नेकाको गठबन्धनमा अर्को सरकार निर्माण हुने हो भने के त्यो सरकारको आयु लामो होला ? त्यो सरकारले स्थिरता देला ? अर्को स्थितिमा, यदि सानासाना दल र एमालेको गठबन्धनमा नयाँ सरकार निर्माण हुने हो भने के त्यो सरकारको आयु लामो हुन सक्ला ? वर्तमान सत्ता समीकरण टुटेर अर्को सरकार निर्माण हुने हो वा नेका र एमालेबीच फुट आउने हो भने देशमा झन् ठूलो अस्थिरता आउने छ, अनिश्चितता आउने छ । त्यो स्थिति आर्थिक विकासको लागि कदापि हितकर हुनेछैन ।

देशको आर्थिक विकासको गति अवरुद्ध हुन नदिने हो भने एमाले र नेकाको यो सहकार्यलाई हामी सबैले जनस्तरबाट सहयोग गर्नुपर्छ भन्नु अतिशयोक्ति हुने छैन । यस्तो भन्नुका केही कारण पनि छन् । जस्तै नेका र एमालेको सहकार्यविना निर्माण हुने सरकार लामो समयसम्म टिक्ने स्थिति छैन। एमाले र नेका सम्मिलित नभएको सरकारले आर्थिक विकासको क्षेत्रमा कुनै नयाँ योजना दिने र कार्यान्वयन गर्न सक्ने सम्भावना छैन। तर नेका र एमाले मिलेर कार्य गर्ने हो भने सरकार स्थिर त हुन्छ नै, सरकारले ल्याउने आर्थिक योजना तथा कार्यक्रमहरू सहजै कार्यान्वयन हुनेछन् । कार्य सम्पादनमा प्रभावकारित पनि आउने छ।

वर्तमान राष्ट्रिय परिस्थितिको मूल्याङ्कन गर्ने हो भने अन्य दल र तिनका नेताहरूको सत्तालोलुप प्रवृत्तिको गहिरो मूल्याङ्कन गर्ने हो भने वर्तमान एमाले र नेका सहकार्य उचित देखिन्छ। यदि सत्ता बाहिर रहेका दल र तिनका नेताहरूमा पद र सत्तालोलुपता नभएको भए उनीहरूले नेका र एमाले मिलिजुली सरकारको राम्रो विकल्प दिने सक्ने स्थिति हुने थियो। उनीहरूलाई सत्तामा ल्याउनु उचित हुने थियो ।

देशको आर्थिक विकासको लागि सरकार परिवर्तन उपयुक्त उपाय होइन। देशको आर्थिक विकासका लागि सरकार परिवर्तन होइन, नेताहरूको प्रवृत्तिमा परिवर्तन ल्याउन आवश्यक छ । उनीहरूलाई राष्ट्रको आर्थिक विकासको लागि जिम्मेवार बनाउन आवश्यक छ। राष्ट्रको आर्थिक विकासको लागि नेका र एमाललेका नेताहरूलाई जिम्मेवार बनाउनु आवश्यक छ। नेका र एमालेको सहमतिको सरकारको विकल्प खोज्नुको सट्टा यी दुई ठूला दलहरूलाई जनहितमा कार्य गर्न दबाब दिन आवश्यक छ।

**अब केही विश्व आर्थिक स्थिति**

वर्तमानमा विश्वको आर्थिक स्थिति राम्रो छैन । अहिले विश्व दुई समूहमा नराम्ररी विभाजित छ। एउटा समूहको नेतृत्व संयुक्त राज्य अमेरिकाले गरिरहेको छ भने अर्को समूहको नेतृत्व प्रत्यक्षरूपमा रूसले र परोक्षरूपमा चीनले गरिरहेको छ। विश्व दुई समूहमा विभाजित भएको यो विषम स्थितिले विश्व अर्थ व्यवस्थमा अति नराम्रो प्रभाव परेको छ । यही स्थितिले सिरियाको आर्थिक स्थिति नाजुक पारेको हो । यही स्थितिले युक्रेनको आर्थिक स्थिति नराम्रो पारेको हो। यही स्थितिले यमनको सङ्घर्ष चर्काएको हो। यो स्थितिले विश्वका थप राष्ट्रहरूलाई गरीब पार्ने खतरा बढेर गएको छ। यदि चमत्कार भएर युक्रेन–रूस युद्ध समाप्त भयो भने इजराइल–फिलिस्तिन युद्ध समाप्त भयो भने विश्व अर्थ व्यवस्थामा केही सुधार आउन सक्ने सम्भावना देखिन्छ। विश्व अर्थ व्यवस्थामा सुधार ल्याउनका लागि इरानको शक्ति–विस्तार नीतिमा पनि परिवर्तन आउन आवश्यक छ । यसैगरी धार्मिक कट्टरता, जातीय हिंसा आदिमा पनि कमी आउन आवश्यक छ ।

विश्वको आर्थिक अवस्था कमजोर भएको स्थितिमा नेपालमा सरकार स्थिर हुनु झनै आवश्यक छ। विश्व अर्थ व्यवस्था अनिश्चित रहेको अवस्थामा नेपालमा अस्थिरता हुनु, छिटोछिटो सरकार परिवर्तन हुनु, नेपालको आर्थिक विकासका लागि कुनै पनि किसिमले उपयुक्त हुन सक्तैन । यो तथ्यलाई नेपालका सम्पूर्ण दल र तिनका नेताहरूले बुझ्न आवश्यक छ। देशमा गरीबी व्यापक किसिमले वृद्धि भएमा दलहरूकै भविष्य जोखिममा पर्नेछ । देशमा अनिश्चितता आउने छ । देश नचिताएको दिशातर्फ उन्मुख हुनेछ। त्यसकारण सरकार बाहिर रहेका दल र तिनका नेताहरूले यो सरकार ढाल्नुको सट्टा विपक्षमा रहेर राम्रो विपक्षी भूमिका निर्वाह गर्न आवश्यक छ। राष्ट्रको आर्थिक विकासमा समर्पित हुन आवश्यक छ । देश र जनताको लागि इमानदार बन्न आवश्यक छ ।

अहिले सत्ता परिवर्तन होइन, हाम्रो मनोविज्ञान परिवर्तन गर्न आवश्यक छ। दल र तिनका नेताहरूले आफ्नो स्वार्थी प्रवृत्तिमा परिवर्तन ल्याउन आवश्यक छ। सबै दल र तिनका नेताहरूमा त्यागको भावना हुनु आवश्यक छ । नेताहरूमा त्याग–भाव जागृत हुने हो भने नेपालको आर्थिक भाग्य चम्किन लामो सयम लाग्ने छैन ।



**हिमशृङ्खलाः** लमजुङ मर्स्याङ्दी गाउँपालिका–३ हरसिंहडाँडाबाट देखिएका मनास्लु, बौद्ध हिमाललगायतका हिमशृङ्खला र बादल । पछिल्लो समय दृश्यावलोकनका लागि हरसिंहडाँडामा आउने पर्यटकको सङ्ख्या बढ्दो छ । तस्बिरः जनक श्रेष्ठ/रासस

## गेग्र्यान बगर बन्यो “सुन फल्ने” जमिन

गोपालप्रसाद बराल/
महोत्तरी, १० माघ/रासस

‘गरे के हुँदैन’ भन्ने आहान अहिले महोत्तरीको गौशाला–८ कुष्माढीको सनीखोला किनार अवस्थित नदीउकास जग्गा हेरे चरितार्थ हुन्छ । तीन वर्ष अघिसम्म गेग्रान बलौटे खोलाको ढड्यान जग्गा किसानको मेहनतले अहिले ‘सुन फल्ने’ जमीन बनेको हो । दुबो पनि नमौलाउने गेग्रान अहिले जता हेऱ्यो उतै हराभरा छ ।



तस्वीरः फाइल

सनीखोलाले बहाव छोडेर उकासेको बगरमा कुष्माढीका भूमिहीन किसानले नङ्ग्रा खियाएका तीन वर्ष भएको छ । नदीले बहाव छाडेको नदीउकास बगरको १०१ बिघा जग्गामा अहिले थरीथरीका फलफूलका बोट हलहली बढ्दैछन्। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)ले फलफूल रोपणमा किसानलाई सघाएको छ । यहाँ आँप, लिची र कागतीसहितका ११ हजार बोट हुर्कंदैछन् । बगैंचाभित्र तरकारीबाली लहलह छ। यो बगरमा कुष्माढीका २०१ भूमिहीन किसानको मेहनत हाँसेको छ।

गौशाला नगरपालिकाले भूमिहीन किसानको परिवार सङ्ख्याका आधारमा चार कट्ठादेखि १० कट्ठासम्म जग्गा छुट्याइदिएपछि २०७८ को अन्त्यतिर खनजोत थालिएको हो । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी), सेभ द चिल्ड्रेन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको समुन्नति कार्यक्रम, सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल र गौशाला नगरपालिकाको साथले किसानको हौसला बढेको छ ।

हराभरा बगरमा कतै गहुँ लहलह बढ्दैछ। कतै आलु धमाधम खनिंदै छ। किसानले जैविक खेती गर्ने हुँदा यहाँ उत्पादित फसल उपभोक्ताको पहिलो रोजाइमा पर्छन् । अहिले यहाँका किसानलाई उपभोक्ता ग्राहकलाई आलु तौलेर दिन भ्याइनभ्याइ छ । “आलु लिने धेरैजसो खेतमैं आइपुग्छन्,” आलुखेती गर्ने किसान चन्द्रकला महरा भन्छिन्, “बगरखेती थालिकन गुजाराकै चिन्ता लिनुपरेको छैन,” बगरखेतीमा कुष्माढीका मुसहर, चमारसहितका गरीब दलित समुदाय र कोइरी, यादव र मगरसहितका जनजाति संलग्न छन् ।

यहाँका किसानलाई गौशाला नगरपालिकाले नदीउकास क्षेत्रभित्रका चार किलोमिटर क्षेत्रभित्र विद्युतीकरण, दुईवटा डीप बोरिङ र सिंचाइका लागि छवटा पोखरी निर्माण गरिदिएको छ । यसैगरी, समुन्नति कार्यक्रमले मलका लागि गड्यौलाखेती गर्न सिकाएको छ। यसैगरी, सामुदायिक विकास तथा पैरवी मञ्चले खेतीमा प्राविधिक र बीउबिजनको सहयोग गरेपछि आफूहरूलाई खेतीमा जाँगर बढेको किसान कामेश्वर महतो बताउँछन् ।

“हामीसँग आफ्नो जग्गा थिएन, नगरपालिका र अरू संस्थाको सहयोगले खेती गर्ने जग्गा र अन्य सहयोग पायौं, अब कसैकहाँ मजदूरी गर्न जान परेको छैन,” महतो भन्छन्, “हामी मजदूरलाई बगरखेतीले किसान बनायो ।” बगरखेती गर्न थालेपछि कहिल्यै धन सञ्चय नगर्ने जाति समुदायको परिचय बनेका मुसहर पनि उम्दा किसानमा दरिएका छन् । मधेसमा मुसहरका लागि ‘न राख्ने अन्न, न साँच्ने धन’ भन्ने आहानै छ । कृषि कार्यमा पोख्त मानिने मुसहरको किसानका खेतमा मजदूरी गरेर गुजारा चलाउने स्थापित परिचय छ । पछिल्लोकालमा सनीखोलाको नदीउकास जग्गा पाएपछि आफ्नै खेती थालेका मुसहर अन्न र नगद सञ्चय गर्न सक्षम भएका छन् ।

“नदीउकास बगर पाएको पहिलो वर्ष त ढुङ्गा, गेग्रान खोस्रेर छेउ लाउँदै बित्यो, दोस्रो वर्षदेखि फसल लिन पाएका छौं,” कुष्माढीका मुसहर समुदायकी ३५ वर्षीया कविता सदा भन्छिन्, “अब जहान परिवारको पालन यही बगर खोस्रेर पुग्छ।” पहिलेको बलौटे ढड्यान जग्गा नियमितको खनजोत, सिंचाइ र जैविक मलले अब उर्वर जग्गा बनेको छ । उत्तरतिर वन क्षेत्रसँगै जोडिएको यो जग्गामा वन क्षेत्र, खोल्साखोल्सी र खोलाले बगाएर ल्याएको पाँगो माटोले रोपिएका फलका रूख दुई वर्षमैं हुर्केका र बालीनाली पनि हलक्क बढ्ने गरेको गौशाला वडा नं ८ का अध्यक्ष भोजबहादुर दर्लामी बताउँछन् ।

केही पहिलेसम्मका गरीब बगरखेतीले राम्रा किसान बनेका र उनीहरूको मेहनतले नदीउकास क्षेत्र हराभरा देखिंदा जग्गा बाँडिएको कुराले निकै सन्तोष दिने गरेको गौशाला नपाका प्रमुख डा दीपेन्द्र महतोको भनाइ छ। बगरखेतीका किसानलाई नगरपालिकाले गरेको सहयोग खेर नगएको हुँदा यस कामले आफूलाई निकै हौंस्याएको नगरप्रमुख डा महतो बताउँछन् । “किसानका साथमा नगरपालिका छ, मेहनत किसानले गर्छन्, साथ हाम्रो रहन्छ,” नगरप्रमुख डा महतोले भने ।

यसैगरी, सामुदायिक विकास तथा पैरवी मञ्चका अध्यक्ष नागदेव यादवले पनि आफ्नो संस्थाबाट बगरखेतीका किसानलाई साथ सहयोग जारी रहने प्रतिबद्धता जनाएका छन् । सबैको सकारात्मक साथले बगरखेतीका किसानको हौसला बढेको छ । “हाम्रो मेहनत सफल भएको छ, सबैको साथ रहिरहे हामी बगरमा सुन फलाउँछौं,” कुष्माढीकी किसान बिना पासवान भन्छिन्।

सनीखोलाको बगरखेती अवलोकन गर्न टाढाटाढाबाट किसान समूह त्यहाँ पुग्ने गरेका छन्। यसबाट आफूहरूलाई खेतीमा लाग्न ऊर्जा मिलेको पासवानले बताइन् ।

# श्रमको सम्मानबाट नै उत्पादन वृद्धि

अर्थ–उद्योग–वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**मालिकको सन्तान मालिक बनिरहने र श्रमिकको सन्तान सधैं श्रमिक बनिरहने अवस्था तोड्न नसकेसम्म वर्गीय विभेदविरुद्ध अभियान सफल हुन सक्दैन र समावेशी विकासको अवधारणाले पनि मूर्तरूप लिन सक्दैन। वर्गीय विभेद र समावेशी विकासबीच अन्तर्सम्बन्ध हुन्छ।**

कुनै पनि मुलुकको आर्थिक विकास र समृद्धिका लागि उत्पादनशील उमेरको श्रमशक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ। उत्पादनको प्रमुख साधन नै श्रमशक्ति हो। श्रमशक्ति प्रोत्साहित नभई उत्पादन वृद्धिको अपेक्षा गर्न सकिन्न। श्रमको ऱ्हास भयो भने उत्पादनमा पनि ऱ्हास आउँछ। श्रमशक्ति र श्रमको उत्पादकत्वमा ऱ्हास आयो भने परिमाणात्मक र गुणात्मक उत्पादन प्रभावित बन्छ। न्यून उत्पादनले बजारको माग सम्बोधन गर्न असम्भव हुन्छ र बजारमा वस्तुको अभाव हुन्छ। परिणामतः कृत्रिम मूल्यवृद्धिले प्रश्रय पाउँछ र आम उपभोक्ताले त्यसको मूल्य चुकाउनुपर्छ। श्रमशक्तिलाई प्रोत्साहित गर्न श्रमको सम्मान गर्ने परिपाटी बसाल्नु आवश्यक हुन्छ। नेपालको सामाजिक परम्पराले श्रम गर्ने श्रमिकलाई तुच्छ व्यवहार गर्ने अथवा दोस्रो दर्जाको नागरिकको दृष्टिले हेर्ने प्रवृत्तिले गर्दा श्रमिकले सधैं उपेक्षित र तिरस्कृत भएको महसूस गर्छ। नेपालका श्रमिक सामाजिक तथा आर्थिक दृष्टिकोणले निकै पीडित र उपेक्षित छन्। सामाजिक दृष्टिकोणमा श्रमले सम्मान नपाउनु र आर्थिक दृष्टिकोणले श्रमले उचित मूल्यसमेत नपाउने अवस्थाले श्रमिकहरू उपेक्षित, पीडित र शोषित रहँदै आएका छन्। उत्पादनशील उमेरको श्रम र शक्तिको प्रभावकारी उपयोग गर्न नसक्ने र उद्यमशीलतालाई आत्मसात् गर्न नसक्ने हाम्रोजस्तो मुलुक भने अहिले पनि आर्थिक तथा सामाजिक विकासमा पछाडि नै रहेका छन्।

नेपालको आर्थिक विकासमा श्रमिकको महत्त्वपूर्ण योगदान रहेको सर्वविदित छ। मुलुकको समग्र अर्थतन्त्रमा कृषि र उद्योग क्षेत्रको योगदान सर्वाधिक छ। कृषि र उद्योगमैं श्रमिकको सङ्ख्या पनि सर्वाधिक छ। तर, समाज र राज्यको उपेक्षाका कारण श्रमिकको जीवन अमर्यादित र असुरक्षित रहँदै आएको छ। अन्य वर्गको तुलनामा श्रमिक वर्गको न्यून पारिश्रमिकले गर्दा उनीहरूको दैनिक जीवनयापन सकसपूर्ण छ। सधैं अभाव, दबाब र प्रभावमा बस्नुपर्दा श्रमिकका बालबालिकाले पनि उचित शिक्षा प्राप्त गर्न नसकेर अभिभावककै नियति भोग्नुपर्ने अवस्थाको पुनरावृत्ति भइरहेको छ। श्रमिकको सन्तान सधैं श्रमिक नै बन्नुपर्ने अवस्थाले उनीहरूको जीवनस्तर कहिल्यै माथि उठ्न सकेको छैन। श्रम र श्रमिकको आवश्यकता र महत्त्वलाई आत्मसात् नगर्दा श्रमिकहरू क्रमशः पेशा परिवर्तन गर्न अथवा पलायन हुन विवश बन्दैछन्। यसै पनि श्रमलाई आधुनिक प्रविधिले क्रमशः विस्थापित गर्दै लगेको छ। कृषि तथा औद्योगिक क्षेत्रको यन्त्रीकरणले गर्दा श्रमशक्ति क्रमशः विस्थापित हुँदैछ। यद्यपि कृषिमा भने अझै पनि अधिक सङ्ख्यामा श्रमिकको संलग्नता रहँदै आएको छ।

राष्ट्रिय जनगणना, २०७८ को नतीजाले ५०.१ प्रतिशत जनसङ्ख्या कृषिमा संलग्न रहेको देखाएको छ। यसको अर्थ मुलुकको आर्थिक दृष्टिकोणले सक्रिय जनसङ्ख्याको आधा हिस्सा कृषिमा संलग्न छ। यति ठूलो सङ्ख्यामा रहेको कृषि–श्रमिक समाजबाट मात्र होइन, राज्यबाट पनि उपेक्षित छ। फलस्वरूप यस पेशाप्रति वितृष्णा बढ्दै गएको छ। हुनत विश्वमा औद्योगिक क्रान्तिपछि नै आर्थिक क्रान्तिले गति लिएको हुँदा कृषिभन्दा उद्योगलाई विकासको मानक मान्ने गरिएको छ। उद्योगीकरणले आर्थिक समृद्धिलाई तीव्रता दिने भएकोले कृषिभन्दा उद्योगलाई प्राथमिकतामा राख्न थालियो। काम गरेबापत प्रशंसा र प्रोत्साहन नपाएसम्म काम गर्न उत्साह हुँदैन। उत्साह नभएको कामको उत्पादकत्व न्यून हुन्छ। अनि न्यून उत्पादकत्वले अपेक्षित उत्पादन दिन सक्दैन। न्यून उत्पादनले श्रमको लागत मूल्य पनि नउठ्ने भएपछि काम छोड्नु वा त्याग्नुको विकल्प रहँदैन। शारीरिक श्रममा आधारित कामलाई हेय पेशाको रूपमा हेर्ने र श्रम शोषण गर्ने परिपाटीले गरीबी र अभावबाट पिल्सिएका नागरिकले सधैं अपमानित र शोषित भएर बाँच्नुपरेको छ।

पछिल्लो समय नेपालमा सम्भावना नदेखेर जीविकोपार्जन एवं अध्ययनका लागि तीव्र दरमा बाहिरिने उत्पादनशील उमेरका श्रमशक्ति सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको छ। दक्ष, अदक्ष र अर्धदक्ष तीनै प्रकृतिका तथा हुनेखाने र हुँदाखाने दुवै प्रकृतिका १८ देखि ४५ वर्ष उमेर समूहको जनशक्ति रोजगार वा अध्ययनका लागि तीव्र गतिमा विदेशिने गरेको छ। पछिल्लो समय स्वदेशमा भविष्य छैन भन्ने घोर निराशावादी र नकारात्मक मनोविज्ञानको निर्माण हुन थालेको छ। योसँगै जसरी पनि मुलुक छाड्नैपर्छ भन्ने भाष्य आमरूपमा स्थापित भइरहेको छ। अवसरको खोजीमा रहेको जनशक्तिलाई स्वदेशमा टिकाउन उपदेश, राष्ट्रभक्तिका राग र अनुरोधबाट मात्र सम्भव देखिएको छैन। अहिलेको एक्काइसौं शताब्दीमा आर्थिक स्वतन्त्रता, आत्मसम्मान र पहिचानसहितको गुणस्तरीय जीवनको सम्भावना भएका स्थानमा श्रमशक्ति आकर्षित हुनु स्वाभाविक हो। तर, यो व्यक्तिगतरूपमा लाभप्रद भए पनि राज्यको दृष्टिकोणले मानवीय पूँजी पलायन हुनु आर्थिक र सामाजिकरूपमा सम्पन्न मुलुकका लागि दयनीय अवस्था हो। स्वदेशमैं श्रमशक्ति टिकाउनेभन्दा पनि विदेश पठाउनेहरू बढी सक्रिय देखिएका छन्। न्यूनतम पारिश्रमिकमा काम गर्ने श्रमिकले सहज र मर्यादित जीवन जिउने वातावरण अझै बन्न सकेको छैन। सरकारले पछिल्लो पटक श्रमिकको मासिक पारिश्रमिक १७ हजार ३ सय रुपियाँ तोकेको छ। सरकारी तथ्याङ्कमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति दर ५.४४ प्रतिशत रहेको भए पनि बजारमा वास्तविक महँगी दर अत्यन्तै उच्च रहेको अवस्थामा यो पारिश्रमिकले श्रमिकको परिवारको जीवनयापन सहज र मर्यादित हुने कल्पना पनि गर्न सकिन्न। अभावले थिचिएको श्रमिकवर्गलाई सामाजिक दृष्टिकोण र व्यवहारले झनै उठ्नै नसक्ने गरी थिचेको छ।

नेपालको संविधानको धारा २४ मा पेशाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव नगरिने उल्लेख गरिएको छ। तर, पेशाकै कारण धेरै गरीब नेपाली नागरिकले सामाजिक रूपमा भेदभाव सहनुपरेको छ भने आर्थिक रूपमा शोषितसमेत हुनुपरेको छ। यसरी कानूनले निषेध गरेको सामाजिक विभेदलाई समेत समाजले नै प्रश्रय दिंदा युवा पलायनले प्रश्रय पाइरहेको हो। श्रमको सम्मान गर्ने संस्कार विकसित गर्ने हेतुले 'श्रमको सम्मान राष्ट्रको अभियानसम्बन्धी रणनीति २०७८' जारी गरिएको छ।

यसबाहेक नेपालको संविधान २०७२ को धारा ५१ (झ) मा श्रम तथा रोजगार नीतिको व्यवस्था गरिएको छ। जस अनुसार सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगार अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्नेलगायत नीति अवलम्बन गरिएका छन्। यसैगरी संविधानको धारा १७ मा श्रमप्रति अवहेलना गर्न नहुने, धारा १८ मा समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने उल्लेख गरिएको छ। यसैगरी श्रम ऐन, श्रम नीति र नियमावली पनि बनेका छन्, जसले सुरक्षित र मर्यादित श्रमको वकालत गरेका छन्। श्रमको सम्मान र श्रमिकको हित सुरक्षित गर्दै उनीहरूको योगदानलाई कदर र सम्मान गर्ने परम्पराले आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने छ।

उत्पादनशील उमेरको श्रमशक्तिलाई उचित व्यवस्थापन गर्दै अगाडि बढ्न नेपालले प्रयास नै नगरेको भने होइन। लामो राजनीतिक आन्दोलनबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रले सबै नागरिकको श्रमको उपयोग गर्ने राजनीतिक वातावरण बनेको छ। देशभित्र उत्पादनका सबै साधनको योजनाबद्ध व्यवस्थापन हुन नसक्दा लाखौं नेपाली युवा देश बाहिर गएर श्रम गर्नुपर्ने अवस्था छ। श्रमलाई सम्मान गरी, श्रम र श्रमिक मुलुकको आर्थिक विकास र समृद्धिका संवाहक हुन् भन्ने मान्यतालाई विशेष जोड दिनुपर्ने आजको आवश्यकता हो। दैनिक दुईतीन हजार उत्पादनशील युवा जनशक्ति मुलुकभित्र उपयुक्त श्रमको अवसर पाउन नसकेकै कारण वैदेशिक रोजगारमा जान बाध्य छ। नेपालको कृषि क्षेत्रबाट व्यापकरूपमा श्रमिक विस्थापन हुँदै गएको छ। गाउँघरको उर्वर जमीन बिस्तारै बाँझो हुँदैछ। हरेक मुलुकमा विकासको एउटा चरणमा कृषि क्षेत्रबाट श्रम विस्थापन हुने गर्छ तर बढी भएको श्रम मात्र हो। कृषि क्षेत्रबाट त्यसरी विस्थापन भएको जनशक्तिलाई देशको औद्योगिक र सेवा क्षेत्रले राम्रो अवसर दिएको हुन्छ। व्यापक उद्योगीकरणले कृषि क्षेत्रबाट विस्थापित श्रमिकलाई काम दिएको हुन्छ। उद्योगधन्दाबाटै आधुनिक अर्थतन्त्र निर्माण हुन्छ। नेपालमा उद्योगधन्दाको प्रभावकारी विकास हुन सकेन। भएका कतिपय उद्योगधन्दा पनि अहिले पूर्ण क्षमतामा चल्न सकेका छैनन्। त्यसले पनि युवा श्रमिक काम खोज्न बाहिर जानुपर्ने बाध्यता आइपरेको छ। कृषि क्षेत्र पछाडि पर्दै गएपछि बर्सेनि ठूलो मात्रामा कृषि उपज आयात गर्नुपर्ने अवस्था छ। युवा जनशक्ति बाहिर गई ठूलो मात्रामा रेमिट्यान्स पठाउने गरेका छन्। देशको वैदेशिक मुद्राको महत्त्वपूर्ण आयस्रोत नै अहिले रेमिट्यान्स भएको छ। वार्षिक बजेटकै हाराहारीमा आउने रेमिट्यान्स फेरि आयातकै निम्ति मुलुक बाहिरै जाने गरेको छ। रेमिट्यान्सलाई मुलुकभित्र उत्पादनका क्षेत्रमा लगानी गर्न नसक्दा थप रोजगार सिर्जना हुन सकेको छैन। कृषि र उद्योगसँगै सेवा क्षेत्रमा पनि चाहे जसरी रोजगार सिर्जना गर्न नसक्दा र श्रम गर्न सक्ने अवस्था नहुँदा झन्डै ८० लाख नेपाली श्रमशक्ति अहिले विश्वभर छरिन पुगेको छ।

वास्तवमा श्रम निर्यात गरेर कुनै पनि मुलुक समृद्ध हुन सकेको उदाहरण छैन। मुलुकको आर्थिक विकास र समृद्धिका लागि वस्तु निर्यात गर्नैपर्दछ। यसका लागि मुलुकभित्रै आन्तरिक उत्पादन बढाउनुपर्छ। आन्तरिक उत्पादनले एकातिर आन्तरिक आवश्यकता परिपूर्ति गर्छ भने अर्कोतिर वस्तु निर्यात गरेर मुलुकको अर्थतन्त्र सबल, सक्षम र सुदृढ बनाउँछ। मुलुकभित्र उद्यमशीलताको विकास गरी विभिन्न उद्योग व्यवसाय स्थापना एवं सञ्चालन नगरी उत्पादन बढाउन सकिंदैन। उत्पादन नबढाई आम्दानी हुने कुरै भएन। आम्दानी नबढाई देशमा समृद्धि सम्भव छैन। त्यसैले आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन एवं आयात विस्थापन र रोजगार सृजना गर्ने खालका परियोजनामा लगानी बढाउनुपर्ने रणनीति सरकारको हुनुपर्छ। मालिकको सन्तान मालिक बनिरहने र श्रमिकको सन्तान सधैं श्रमिक बनिरहने अवस्था तोड्न नसकेसम्म वर्गीय विभेदविरुद्ध अभियान सफल हुन सक्दैन र समावेशी विकासको अवधारणाले पनि मूर्तरूप लिन सक्दैन। वर्गीय विभेद र समावेशी विकासबीच अन्तर्सम्बन्ध हुन्छ। श्रमिकको सन्तान पनि समयान्तरमा मालिक बन्न सक्ने वातावरण सिर्जना भए मात्रै श्रम उत्पादकत्व बढ्छ र वर्गीय विभेद पनि अन्त्य हुने सम्भव हुन्छ।



**मिलमा राखिएका धानका बोराः** महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिका–५ स्थित मिलमा राखिएका धानका बोराहरू। यहाँ विभिन्न स्थानबाट धान खरीद गरी चामल तयार पारेर बिक्री वितरण गरिन्छ। तस्बिरः सञ्जीतकुमार मण्डल/रासस



**विद्यार्थीले उत्पादन गरेको च्याउः** सिराहाको लहान–३ स्थित लक्ष्मण ललिता कुशवाहा (ललकु) माध्यमिक विद्यालयका विद्यार्थीहरूले 'पढ्दै, कमाउँदै' कार्यक्रम अन्तर्गत उत्पादन गरेका च्याउ। तस्बिरः सुदीप राउत/रासस

# पेट्रोलियम पदार्थबाट ३७ अर्ब राजस्व सङ्कलन

वीरगंज, १० माघ/रासस

चालू आर्थिक वर्षको छ महीनामा वीरगंजबाट रु ८७ अर्ब ३२ करोड ३९ लाख ४० हजार बराबरको डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्याँस (एलपिजी), एभिएशन टर्बाइन फ्युल (एटिएफ),मटीतेल आयात हुँदा रु ३६ अर्ब ९६ करोड ३६ लाख २४ हजार राजस्व सङ्कलन गरेको छ।

गत आवको सोही अवधिको तुलनामा चालू आवको छ महीनामा पेट्रोलियम पदार्थ आयातबाट चार अर्ब बढी राजस्व सङ्कलन भएको छ। चालू आवको छ महीनामा रु ४२ अर्ब २४ करोड बराबरको चार लाख ७९ हजार ७९९ किलोलिटर डिजेल आयातबाट रु १८ अर्ब ९८ करोड राजस्व सङ्कलन भएको वीरगंज भन्सार कार्यालयले जनाएको छ।

चालू आवको छ महीनामा दुई लाख २० हजार ३८५ किलोलिटर आयात भएको पेट्रोलबाट रु १२ अर्ब ४७ करोड राजस्व दाखिला भएको छ।

चालू आवको छ महीनामा रु आठ अर्ब नौ करोड बराबरको ८९ हजार ३८० किलोलिटर एटिएफ आयातबाट रु एक अर्ब एक करोड तथा रु ३६ करोड २० लाख बराबरको चार हजार २० किलोलिटर मटीतेल आयातबाट रु १० करोड राजस्व सङ्कलन भएको जनाइएको छ।

आव २०८०/८१ को छ महीनामा रु ८८ अर्ब ७८ करोड बराबरका पाँच थरीका पेट्रोलियम पदार्थ आयात भएको थियो। गत आवको सोही अवधिमा पेट्रोलियम पदार्थको आयातबाट रु ३२ अर्ब ९५ करोड ४१ लाख ४६ हजार राजस्व सङ्कलन भएको थियो।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## इजरायली शहरले ट्रम्पको नाममा छिमेकलाई नयाँ नाम दिँदै

तेल अविव, १० माघ/एएनआई/टिपिएस

जुडिया क्षेत्रमा रहेको इजरायली शहर माले अदुमिमका मेयरले बुधवार आफ्नो नगरपालिका क्षेत्रको एक महत्त्वपूर्ण भागलाई 'ट्रम्प वन' (टी–१) को नाममा पुनर्नामकरण गर्ने घोषणा गरेका छन्।



"ट्रम्पको दोस्रो कार्यकाल विशेषगरी जुडिया र सामरियामा यहुदी समुदायलाई बलियो बनाउने एउटा अनौठो अवसर हो"–मेयर गाइ यिफ्राचले भने–"हामी ट्रम्पलाई विश्वास गर्छौं र उहाँले आगामी महीनामा यस क्षेत्रमा निर्माण कार्य बढाउने विश्वास छ।"

पहिले ई–१ वा मेभासेरेट अदुमिम भनेर चिनिने माले, अदुमिमको नगरपालिका सीमाभित्र पर्छ र क्षेत्र सी अन्तर्गत छ। त्यहाँ इजरायलसँग प्रशासनिक र सुरक्षा अधिकार छ।

आवास सङ्कट कम गर्न तीन हजार घरका लागि बनाइएका योजनाहरू बाइडेन प्रशासनलगायत अन्तर्राष्ट्रिय विरोधद्वारा अवरुद्ध भएका छन्।

मेयर यिफ्राचले टी–१ लाई 'रणनीतिक सम्पत्ति'का रूपमा वर्णन गरे र इजरायली नेताहरूलाई माले अदुमिम र जेरुसलेमबीच भौगोलिक निरन्तरता स्थापित गर्न आह्वान गरे।

इजरायली–प्यालेस्टिनी सम्झौता अनुसार इजरायलले क्षेत्र सी वर्गीकृत क्षेत्रमा पूर्ण प्रशासनिक र सुरक्षा नियन्त्रण राख्छ। ट्रम्पको नाममा पहिले पनि गोलन समुदाय राखिएको थियो। ट्रम्पले गोलन हाइट्समा इजरायली सार्वभौमिकता स्वीकार गरेपछि इजरायलले नयाँ समुदायको नाम रामत ट्रम्प राखेर राष्ट्रपतिलाई सम्मान गरेको थियो।

इजरायली नेताहरूले बाइडेन प्रशासनद्वारा लगाइएका प्रतिबन्धहरू फिर्ता गर्ने कार्यादेशहरूको प्रशंसा गरेका छन्। तिनमा प्यालेस्टिनीविरुद्ध हिंसाको आरोपमा जुडिया र सामरियाका बासिन्दाहरूमाथि लगाइएका प्रतिबन्ध, संयुक्त राष्ट्र राहत र कार्य एजेन्सी (युएनआरडब्लुए)लाई कोष बन्द गर्ने र अन्तर्राष्ट्रिय अपराध अदालतका पदाधिकारीहरूमाथि पुनः प्रतिबन्ध लगाउने विषय समावेश छन्। रासस

## अवैधरूपमा डलर कारोबार गर्ने एक गिरोहलाई कारबाई

हनोई, १० माघ/एएफपी

भियतनाम प्रहरीले बाह्य देशबाट एक अर्ब २० करोड डलर बराबरको अवैध रकम मुलुकमा ल्याउने पाँच व्यक्तिलाई पक्राउ गरी कारबाई गरेको छ।

सन् २०२२ देखि २०२४ सम्म बैंक कर्मचारीसहितको गिरोहले परिचयपत्र र बैंक छाप जालसाजी गरी १८७ व्यवसाय स्थापना गरी छ सयभन्दा बढी कर्पोरेट बैंक खाता खोलेका थिए।

यी खाताहरू विदेशमा धोखाधडी वा जुवाको माध्यमबाट प्राप्त गरिएको पैसा स्थानान्तरण र वैधानिक बनाउन प्रयोग गरिएको थियो। प्रहरीका अनुसार उनीहरूको कुल लेनदेन करीब एक अर्ब २० करोड डलर (३० हजार अर्ब डोङ)को थियो।

एक बैंक कर्मचारीसहित पक्राउ गरिएका व्यक्तिहरू डानाङमा थिए। प्रहरीले यो मध्यतटीय शहरमा सार्वजनिक भएको सबैभन्दा ठूलो अवैध सम्पत्ति कारोबारसम्बन्धी मुद्दा भएको बताएको छ। प्रहरीले गिरोहबाट १२२ वटा नक्कली छाप र ४० वटा व्यापार दर्ता प्रमाणपत्रका मूल प्रतिलिपिहरू जफत गरेको छ।

अक्टोबरमा भियतनामी व्यापारी ट्रुओङ माई लानलाई मनी लन्ड्रिङको आरोपमा आजीवन कारावासको सजाय सुनाइएको थियो। यद्यपि उनले फैसला पुनरावलोकनका लागि पुनरावेदन गरेका छन्। प्रोपर्टी डेभलपर उनलाई पहिले नै छुट्टै मुद्दामा २७ अर्ब डलर ठगीका लागि मृत्युदण्ड दिइएको थियो। रासस

## अर्बपति ब्लुमबर्गले संयुक्त राष्ट्र जलवायु निकाय कोष जुटाउने

वाशिङ्टन, १० माघ/एएफपी

राष्ट्रपति डोनाल्ड ट्रम्पले पेरिस सम्झौताबाट दोस्रोपटक अमेरिका फिर्ता हुने घोषणा गरेपछि अर्बपति माइकल ब्लुमबर्गले आफ्नो फाउन्डेशनले संयुक्त राष्ट्र जलवायु परिवर्तन निकायलाई वित्तीय सहयोग गर्ने घोषणा गरेका छन्।

ब्लुमबर्गको यो हस्तक्षेपले संयुक्त राष्ट्र फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज (युएनएफसिसिसी)लाई पूर्णरूपमा वित्तपोषण गर्ने लक्ष्य राख्छ। यद्यपि अमेरिकाले आफ्नो योगदान रोकेको छ।

अमेरिकाले साधारणतया युएनएफसिसिसी सचिवालयको बजेटमा २२ प्रतिशत योगदान गर्छ। युएनएफसिसिसीको परिचालन खर्च २०२४/२५ मा आठ करोड ८४ लाख युरो अनुमान गरिएको छ।

"सन् २०१७ देखि २०२० सम्म सङ्घीय गैर–कार्यको अवधिमा शहर, राज्य, व्यवसाय र सार्वजनिक क्षेत्रले हाम्रो राष्ट्रको प्रतिबद्धताको सम्मान गर्ने चुनौती स्वीकार गरेका थिए र अब हामी फेरि तयार छौं"–जलवायु महत्त्वाकाङ्क्षा र समाधानका लागि संयुक्त राष्ट्रका विशेषदूत ब्लुमबर्गले एक विज्ञप्तिमा भने।

अमेरिकी सङ्घीय असंलग्नताका कारण सिर्जित खालीपनलाई भर्न ब्लुमबर्गले पाइला सारेको यो दोस्रोपटक हो।

सन् २०१७ मा ट्रम्प प्रशासन पेरिस सम्झौताबाट पहिलोपटक फिर्ता भएपछि ब्लुमबर्गले युएनएफसिसिसीलाई सहयोग गर्न एक करोड ५० लाख डलरसम्म दिने वाचा गरेका थिए।

उनले 'अमेरिकाको प्रतिबद्धता' नामक पहल पनि शुरू गरेका छन्। यसले सङ्घीयस्तरबाहेकका अमेरिकी जलवायु प्रतिबद्धताहरूको अनुगमन र प्रतिवेदन गर्छ। यसले विश्वलाई अमेरिका अझै पेरिस सम्झौताको पूर्ण पक्ष हो भन्ने प्रगति अनुगमन गर्न सक्षम बनाउँछ।

ब्लुमबर्गले यसपटक पनि अमेरिकी रिपोर्टिङ दायित्वहरू पालना गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याए।

"यस्ता योगदानहरू संयुक्त राष्ट्र जलवायु परिवर्तन सचिवालयलाई, पेरिस सम्झौता अन्तर्गत आफ्ना प्रतिबद्धता पूरा गर्न र कम उत्सर्जन, लचिलो र सुरक्षित भविष्यको लागि अघि बढ्न अन्य मुलुकहरूका लागि महत्त्वपूर्ण छन्"–संयुक्त राष्ट्रका जलवायु प्रमुख साइमन स्टीलले भने। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – चोरभय | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनलाभ |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – सफलता |
| धनु – राज्यभय | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



**सुकाइएको गुइँठा:** बाँकेको जानकी गाउँपालिका–४ खाजुरानहरस्थित सडकको बीच भागमा आगो बाल्नका लागि सुकाइएको गुइँठा। मधेसी समुदायमा दाउराको साटो गोबर गुइँठालाई प्रयोग गर्ने गरिन्छ। तस्बिर: रूपनी जिएम/रासस

## टोलटोलमा सडक कालोपत्र गर्दै बर्दिबास नगरपालिका

जलेश्वर, १० माघ/रासस

यहाँको बर्दिबास नगरपालिका–१० खयरमाराका स्थानीय रोशन लामा हिजोआज गाडी चढेर गाउँदेखि १५ मिनेटमा बर्दिबास पुग्छन्। १२ किलोमिटर दूरीमा रहेको बर्दिबास पुग्न पहिले एक घण्टाभन्दा बढी लाग्थ्यो।

बर्दिबास–५ चेरुका राम भण्डारीलाई पनि गाउँबाट बर्दिबास आउजाउ गर्न १० मिनेट मात्रै लाग्न थालेको छ। नगरपालिकाले चालू आर्थिक वर्षमा सडक कालोपत्र गरेपछि स्थानीयवासीलाई गाउँ–शहर गर्न सजिलो भएको हो।

बर्दिबास नगरपालिकाले चालू आवमैं २५ किलोमिटर सडक कालोपत्र गरेको छ। अझै पनि टोलटोलका सडकमा कालोपत्रे र ढलान गरिरहेको छ।

नगरभित्रका सडकहरू वर्षौंदेखि जीर्ण हुँदा हिलो र धूलोका समस्या भोग्दै आएकामा सडक पक्की भएपछि गाउँले हर्षित भएको बर्दिबास–३ की आशा तोलाङ्गेले बताइन्।

नगरपालिकाले चालू आवमा खयरमारा, पाटु, टुटेश्वर, गडन्ता, माईस्थान, किसाननगर, बिजलपुरा जस्ता गाउँलाई कालोपत्र सडकसँग जोडेको छ।

भौगोलिक बनोटका कारण भौतिक विकास गर्न कठिनाइ भइरहे पनि नगरपालिकाले निरन्तर पूर्वाधार निर्माण गरिरहेको नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीले बताए।

उनले सडक कालोपत्र भएपछि स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन सहज भएको बताए। नगरपालिकाले १४ वटै वडाका सडकलाई धूलो र हिलोमुक्त बनाउने लक्ष्य लिएर काम गरिरहेको नगरप्रमुख क्षेत्रीको भनाइ छ।

## इन्टरपोलबाट 'रेड नोटिस' जारी भएका फरार व्यक्ति पक्राउ

काठमाडौं, १० माघ/रासस

मानव बेचबिखन तथा ओसारपसार मुद्दामा इन्टरपोलबाट 'रेड नोटिस' जारी भएका एक फरार प्रतिवादी पक्राउ परेका छन्। पक्राउ पर्नेमा बर्दियाको बढैयाताल गाउँपालिका–२ घर भई काठमाडौंको टोखा नगरपालिका–३ बस्ने विनोद पौडेल रहेको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिए।

उनले भने, "एनसिबी अबु मस्कट ओमानको समन्वयमा ओमानमा पक्राउ गरेर निजलाई सम्बन्धित मुद्दामा कारबाई गर्ने/गराउने प्रयोजनार्थ हिजो नेपाल फिर्ता ल्याइएको छ।"

मानव बेचबिखन तथा ओसारपसार मुद्दामा संलग्न रही फरार रहेका निजलाई अन्तर्राष्ट्रियस्तरमा खोजतलाश एवं पक्राउ गर्नका लागि एनसिबी काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट गत पुस १२ गते निजविरुद्ध रेड नोटिस जारी भएको प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ।

निजलाई सम्बन्धित कसूरबमोजिम कानूनी कारबाईका लागि मानव बेचबिखन अनुसन्धान ब्युरोबाट खटिआएका प्रहरीलाई बुझाइएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक आचार्यले बताए।

## पचरुखीमा न्यानो कपडा वितरण



नरेश यादव, पर्सागढी १० माघ/

पर्सागढी नगरपालिका–५ पचरूखीमा ६० जना गरीब, दलित, विपन्न परिवारलाई जिल्ला प्रशासन कार्यालय, पर्साले न्यानो कपडा, जुत्ता र चप्पल वितरण गरेको छ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले चीसोलाई मध्यनजर गर्दै न्यानो कपडा वितरण गरिएको बताए। उनले चीसोबाट कसैको मृत्यु नहोस् भन्दै जिल्ला विपद् उद्धार केन्द्रले जिल्लाका गरीब, विपन्न परिवारलाई न्यानो कपडा वितरण जारी राखेको बताए।

कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत दीपक पटेल, जिल्ला प्रशासन कार्यालय, स्टोरप्रमुख ब्रह्मदेवप्रसाद यादवलगायतको सहभागिता थियो।

### प्रविधिले ...

यस क्षेत्रबाट विस्थापित गराएको बताउँछन्। अहिले यस व्यवसायमा रहेकाहरू बैंकको ऋण थप गरेर टिक्न सकेको उनको भनाइ छ। नेपाली बजारमा अन्डा तथा मासुको मूल्य घटिरहेको अवस्थामा बैंकको ब्याजदरसहित दाना र औषधिको मूल्य बढ्नाले किसान विस्थापित हुनुपरेको उनले स्पष्ट गरे।

पोल्ट्री व्यवसायी मञ्चका पूर्वअध्यक्ष राजेन्द्र लामिछाने भूकम्प, नाकाबन्दी, कोभिड महामारी, आर्थिक मन्दीलगायतका कारण मूल्य पाउन नसक्दा किसान विस्थापित भएको बताउँछन्। पछिल्लो समय आधुनिक प्रविधिका ठूला व्यावसायिक फार्म बढेका कारण धेरै किसान विस्थापित भएपनि माग धान्न सकेको हो। किसान पलायन हुन थालेपछि दुई वर्ष अघि सम्बन्धित क्षेत्रका किसानले नेपाल लेयर्स कुखुरापालक सङ्घ गठन गरेका थिए। सो संस्थाले देशव्यापीरूपमा बजारीकरण गरेसँगै पुराना किसानले थप कुखुरा पाल्न थालेको र नयाँ किसानसमेत आउन थालेको लामिछाने बताउँछन्। सङ्घका अध्यक्ष एवं किसान एग्रोका कार्यकारी निर्देशक पोखरेल आफ्नो नेतृत्वमा अन्डा उत्पादन गर्ने कृषक तथा व्यवसायीहरू सङ्गठितरूपमा बजारीकरणमा जुटेकै कारण लागत मूल्य पाउन सकेको बताउँछन्। उनले भने, "हामीहरू सङ्गठितरूपमा नलागेको भए यतिबेला नेपालमा विदेशी अन्डा ल्याएर खानुपर्ने अवस्था आउँथ्यो।"

पोखरेलले कुखुरा पालिरहेकाहरू अधिकांशको ठूलो मात्रामा बैंक ऋण रहेको बताए। उनको भनाइमा धितो राखेर ऋण लिएकाहरूले धितो बिक्री गरेर ऋण तिर्ने अवस्थासमेत छैन। व्यवसाय सञ्चालनका क्रममा बैंकबाट लिएको ऋणको ब्याजसमेत तिर्न नसक्दा कुखुरापालक किसान यस क्षेत्रबाट विस्थापित हुनुपर्ने अवस्था सिर्जना भएको उनी बताउँछन्। कोभिड सङ्क्रमणको समयमा किसानले अन्डाको मूल्य प्रतिगोटा रु आठभन्दा तल पाएका थिए। त्यति बेलाको नोक्सान धान्न मुश्किल भएको उनको भनाइ छ। अहिले नेपालमा दैनिक ३२ लाख गोटा हाराहारी अन्डा उत्पादन हुँदै आएको छ। अन्डाको लागत मूल्य रु १६ दशमलव ५६ पर्ने गरेको विज्ञहरू बताउँछन्। सङ्घको दुई वर्षको लगातारको बजारीकरणपछि भने लागत मूल्य पाउन किसान सफल भएको कार्यकारी निर्देशक पोखरेल बताउँछन्।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



बिहीवार अत्यधिक चीसो बढेपछि वीरगंज महानगरपालिका कार्यालयले नगरका विभिन्न स्थानका चोकमा दाउरा वितरण गरेको छ। नारायणी अस्पतालदेखि पावरहाउससम्म २४ स्थानमा आगोको व्यवस्था गरेको छ। जसले गर्दा बटुवाहरूलाई राहत पुगेको छ। तस्वीरः नितेश कर्ण/प्रतीक

# शुभलक्ष्मी ट्रेडर्स र नीर–जल उद्योगमा अनुगमन

प्रस, वीरगंज, १० माघ/

उपभोक्ता हित संरक्षण मञ्च नेपाल पर्साले वीरगंज महानगर–१६ नगवास्थित शुभलक्ष्मी ट्रेडर्समा अनुगमन गरेको छ।



तस्वीरः सौजन्य

सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्की नेतृत्वको संयुक्त बजार अनुगमन टोलीले अनुगमनको क्रममा शुभलक्ष्मी ट्रेडर्सबाट मिति उल्लेख नभएका पियुष गोल्ड ब्रान्डको धनिया ७००० किलो, ५५५ ब्रान्डको मेथी ६५१० किलो भेटिएपछि २४ घण्टाभित्र सोको कागजातसहित जिल्ला प्रशासन कार्यालय, पर्सामा उपस्थित हुन निर्देशन दिएको मञ्चका उपाध्यक्ष अजय अधिकारीले बताए।

शुभलक्ष्मी ट्रेडर्स र शुभलक्ष्मी प्याकेजिङले भारत, गुजरातबाट उत्पादन हुने भिक्टोरिया कम्पनीका जीरा, धनिया, मेथी, खुर्सानीको धूलो, सौंपलगायत सामग्री आयात गरी आफ्नो उद्योगको ब्रान्डमा प्याकिङ गरी बिक्री गर्दै आएको आन्तरिक राजस्व कार्यालय, पर्साका दीपेन्द्रकुमार झाले बताए। उनले सो फर्मले राजस्व छलेको आशङ्का गर्दै कागजहरू झिकाएर अनुसन्धान गर्ने बताए।

त्यसैगरी, वीरगंज–१६ रजतजयन्ती चोकस्थित नीर–जल प्रालिमा टोलीले अनुगमन गरेको थियो। अनुगमनको क्रममा गुणस्तरहीन पानी र जार नष्ट गरेको थियो। आन्तरिक राजस्व कार्यालयले कागजात चेकजाँच गर्दा पानी बिक्री वितरण गर्ने क्रममा बिलबीजक जारी नगरेको भेटिएपछि उद्योगलाई ५० हजार जरिबाना गर्दै आवश्यक कागजात र पानी प्रशोधन रिपोर्ट २४ घण्टाभित्र उपलब्ध गराउन निर्देशन दिइएको छ।

टोलीमा खाद्य तथा गुण नियन्त्रण कार्यालय पर्साका खाद्य निरीक्षक श्रवणकुमार साह, वाणिज्य तथा आपूर्ति उपभोक्ता संरक्षण कार्यालय वीरगंजका प्रमुख सुनील चौरसियालगायतको सहभागिता थियो।


## सामाजिक अपराध र हिंसाविरुद्ध एकजुट होऔं

- अपराधमुक्त समाजका लागि कानूनी दायित्व निभाऔं,
- पीडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं,
- हिंसा र अपराधका घटनालाई रोक्न सामुदायिक सचेतना फैलाऔं,
- महिला र बालबालिकाको सुरक्षामा ध्यान दिऔं,
- सामाजिक अपराध र हिंसाविरुद्ध एकतावद्ध भएर आवाज उठाऔं,
- अपराध भएको वा हुनसक्ने आशङ्का लागेमा तुरून्त प्रहरीलाई खबर गरौं,
- सामाजमा हुने विभेद, भेदभाव, अन्याय र अत्याचारको सबै मिलेर अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience





Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## एनआई कपः अल्पाइन र ज्ञानदा विजयी

प्रस, परवानीपुर, १० माघ/

नेशनल इन्फोटेक कप क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीवार पनि दुईवटा खेल सम्पन्न भए। पहिला खेलमा अल्पाइन माविले वीरगंज कलेजलाई नौ विकेट अन्तरले पराजित गऱ्यो। वीरगंज कलेजले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा १४.५ ओभरमा सबै विकेट गुमाएर ६८ रन बनायो।





प्रतिउत्तरमा अल्पाइनले सो लक्ष्यलाई ६.४ ओभरमा एक विकेट मात्र गुमाएर पूरा गऱ्यो। यो खेलमा तीन विकेट र २६ रन बनाएका अल्पाइनका अफ्रिदी आलम 'म्यान अफ दी म्याच' घोषित भए।

यसैगरी, आज भएको दोस्रो खेलमा आयोजक नेशनल इन्फोटेक कलेजलाई ज्ञानदा एकेडेमीले सात विकेट अन्तरले पराजित गऱ्यो। पहिला ब्याटिङ गर्दै नेशनल इन्फोटेकले १९.२ ओभरमा सबै विकेट गुमाएर ८२ रन बनायो। प्रतिउत्तरमा ज्ञानदाले १५ ओभरमा तीन विकेट गुमाएर विजयी लक्ष्य हासिल गऱ्यो। यस खेलको 'म्यान अफ दी म्याच' ज्ञानदाका मुन्ना यादव घोषित भए।

## प्रधानमन्त्री कप क्रिकेटः एपिएफ विजयी

सुदूरपश्चिम, १० माघ/रासस

प्रधानमन्त्री कप टी–२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीवार भएको पहिलो सुपर फोरको खेलमा एपिएफ क्लब विजयी भएको छ।

धनगढीस्थित फाप्ला मैदानमा भएको खेलमा एपिएफले बाग्मती प्रदेशलाई १० विकेटले पराजित गऱ्यो। जीतसँगै एपिएफ फाइनलनजीक पुगेको छ। जीतका लागि पाएको ४३ रनको लक्ष्य एपिएफले छ दशमलव पाँच ओभरमा विनाविकेटको क्षतिमा पूरा गऱ्यो। त्यसमा ममता चौधरी अविजित २३ र राजमती ऐरी १४ रनमा नटआउट रहे।

यस अघि टस हारेर ब्याटिङ गरेको बाग्मतीले १८ ओभरमा आठ विकेटको क्षतिमा ४२ मात्रै जोड्न सक्यो। हुस्सुका कारण १८ ओभरमा झारिएको खेलमा बाग्मतीका कुनै पनि ब्याटरले दोहोरो अङ्कमा रनसमेत जोड्न सकेनन्। बलिङमा एपिएफका सुमन विष्टले तीन, रेखा रावल र बिनु बुढाले दुई/दुई विकेट हात पारे। सुमन 'प्लेयर अफ दी म्याच'समेत चुनिइन्।

यही माघ १ गतेदेखि शुरू भएको प्रतियोगिता माघ १२ गते सम्पन्न हुनेछ। राष्ट्रिय खेलकूद परिषद्को कार्यक्रम अनुसार नेपाल क्रिकेट सङ्घको आयोजना र सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा प्रतियोगिता सञ्चालन भइरहेको हो। प्रतियोगिताको उपाधि जित्नेले रु पाँच लाख, दोस्रो हुनेले तीन लाख, प्लेयर अफ दी सिरिजलाई ५० हजार, बेस्ट ब्याटर र बेस्ट बलरलाई रु २५/२५ हजार पुरस्कार दिइनेछ।

## अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिताको खेलतालिका सार्वजनिक

सुदूरपश्चिम, १० माघ/रासस

धनगढीमा गो ड्रिम्र्सको आयोजनामा यही माघ १९ देखि २८ गतेसम्म आयोजना हुने अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिताको खेलतालिका सार्वजनिक गरिएको छ।

प्रतियोगितामा सहभागी आठ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए'मा डिसिए धनगढी, फ्रेन्ड्स युवा क्लब डडेल्धुरा, घोडाघोडी–११ सुख्खड कैलाली र बोस्टन क्रिकेट झापा रहेका छन्। समूह 'बी'मा सिवाइसी अत्तरिया, दशरथ चन्द एकेडेमी बैतडी, क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौं र न्यू होराइजन बुटवल रहेका छन्।

माघ १९ गते हुने उद्घाटन खेलमा डिसिए धनगढी र फ्रेन्ड्स युवा क्लब डडेल्धुरा प्रतिस्पर्धा गर्ने भएका छन् भने २० गते सिवाइसी अत्तरिया र दशरथ चन्द एकेडेमी बैतडीले पहिलो खेल खेल्दा दोस्रो खेलमा डिसिए धनगढी र घोडाघोडी–११ सुख्खड कैलाली खेल्नेछन्। माघ २१ गते पहिलो खेलमा फ्रेन्ड्स युवा क्लब डडेल्धुरा र बोस्टन क्रिकेट झापा तथा दोस्रो खेलमा सिवाइसी अत्तरिया र क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौं खेल्नेछन्।

माघ २२ गते दशरथ चन्द एकेडेमी बैतडी र न्यू होराइजन बुटबल पहिलो तथा डिसिए धनगढी र बोस्टन क्रिकेट झापा दोस्रो खेलमा प्रतिस्पर्धा गर्नेछन् भने २३ गतेको पहिलो खेलमा क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौं र न्यू होराइजन बुटवलले प्रतिस्पर्धा गर्दा दोस्रो खेलमा घोडाघोडी–११ सुख्खड कैलाली र बोस्टन क्रिकेट झापा खेल्नेछन्।

माघ २४ गतेको पहिलो खेल क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौं र दशरथ चन्द एकेडेमी बैतडीबीच हुनेछ भने दोस्रो खेलमा घोडाघोडी–११ सुख्खड कैलाली र फ्रेन्ड्स युवा क्लब डडेल्धुरा खेल्नेछन्। माघ २५ गते लिग चरणको अन्तिम खेलमा सिवाइसी अत्तरिया र न्यू होराइजन बुटवलले प्रतिस्पर्धा गर्नेछन्।

त्यस्तै, माघ २६ गते पहिलो सेमिफाइनल, माघ २७ गते दोस्रो सेमिफाइनल र माघ २८ गते फाइनल खेल हुनेछन्। पहिलो सेमिफाइनल खेलमा समूह 'ए'को विजेता र समूह 'बी'को उपविजेताबीच फाइनल प्रवेशका लागि खेल हुनेछ भने दोस्रो सेमिफाइनलमा समूह 'बी'को विजेता र समूह 'ए'को उपविजेता फाइनलको यात्रा तय गर्नका लागि खेल्नेछन्।

स्व अर्जुन खड्काको स्मृतिमा आयोजना गर्न लागेको अर्जुन ट्रफीमा झन्डै रु २० लाख नगद पुरस्कार प्रदान गरिनेछ। रनिङ ट्रफीको रूपमा टी–२० फर्म्याटको प्रतियोगिताका विजेताले रु १० लाख र उपविजेताले पाँच लाखसहित ट्रफी पाउनेछन्।

# विद्यार्थीलाई पोशाक वितरण



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १० माघ/

मङ्गल मावि भिस्वा र नवगावा मावि चेरगाहाका विद्यार्थीहरूलाई गापा अध्यक्ष मनोजकुमार गुप्ताले पोशाक वितरण गरेका छन्।

बुधवार गापा अध्यक्ष गुप्ताले कोट, पाइन्ट, सर्ट वितरण गरेका थिए। उनले कक्षा ११ र १२ का छात्रछात्राहरूलाई गापाबाट सम्मानस्वरूप पोशाक वितरण गरिएको बताए।

वडाध्यक्ष मौजीलाल साह र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रह्लाद गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष महेन्द्र साह कलवारलगायतको सहभागिता थियो।

# मदर्साका विद्यार्थीलाई स्वेटर वितरण



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १० माघ/

जनमत पार्टीका नेता बृजेश्वरप्रसाद चौधरीले बिहीवार जगरनाथपुर गाउँपालिका–१ पाँडेपुरस्थित इस्मालिया दारूल उलुम मदर्साका विद्यार्थीलाई स्वेटर वितरण गरेका छन्। मदर्सामा अध्ययनरत अतिगरीब ३० जना बालबालिकालाई नेता चौधरीले ३० वटा स्वेटर वितरण गरेका हुन्।

कार्यक्रममा शुभावती देवी, शिक्षक मौलाना हरसुद्दीन राउत गद्दी, सहरूम राउत गद्दी, पूर्व गाविस अध्यक्ष मोहीलाल राउत गद्दी, चन्दन रामलगायतको सहभागिता थियो।